## जानकी गाउँपालिका

# स्थानीय राजपत्र


प्रमाणिकरण : २०८२।०२।२५

प्रकाशन : २०८२।०३।१९


# जानकी गाउँपालिकाको

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (पहिलो अद्यावधिक),२०८२

**Disaster Preparedness and Response Plan,2082**




# जानकी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय मानपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

२०८२

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको अवधारणागत ढाँचा




दस्तावेजः विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२, जानकी गाँउपालिका बाँके
**Disaster Preparedness and Response Plan, 2082, Janaki Rural Municipality Banke**

प्रकाशकः स्थानीय विपद् व्यवस्थापन समिति, जानकी गाँउपालिका बाँके

प्रकाशन मितिः २०८२

सर्वाधिकारः ©प्रकाशकमा

सल्लाहकारः श्री छव्वन खाँ, अध्यक्ष

श्री रामप्यारी यादव, उपाध्यक्ष

श्री नर बहादुर वि.क., प्रमुख प्रशासकिय अधिकृत

सहजीकरणः श्री रूपन ज्ञवाली

श्री प्रहलाद विश्वकर्मा

श्री राजेन्द्र वाजपेयी

कार्यपालिकावाट स्विकृत मितिः २०८२-०२-३०

मिति : २०८२ जेठ २५

## भूमिका

नेपालको संविधानले विपद् व्यवस्थापनलाई तीनवटै तहका सरकारको साझा अधिकारको सूचीमा राखेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन ऐन, २०७४; विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन नियमावली, २०७६; स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रवन्ध गरेको स्थानीय सरकारको विपद् तथा संकट व्यवस्थापन सम्बन्धी काम कर्तब्य र अधिकार अनुसार गाउँपालिकाले विपद् व्यवस्थापन सम्बन्धि आवश्यक नीति, रणनीति तथा योजना तयार गर्न, ऐन नियम तथा कार्यविधि तयार गर्न, अध्ययन अनुसन्धान र विपद् जोखिमको लेखाजोखा गर्न गराउन, विपद् प्रतिकार्यका लागि आवश्यक पूर्वतयारी गर्न तथा प्रतिकार्य संचालन गर्न सक्दछ । यसै आधारमा जानकी गाउँपालिकामा विपद् प्रभावकारी प्रतिकार्य र त्यसको निम्ति पर्याप्त पूर्वतयारीको लागि प्रकोप, संकटासन्नता तथा क्षमता लेखाजोखा एवम् विगतका विपद् व्यवस्थापनको अनुभव समेतका आधारमा यस गाउँ पालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ ।

यस क्षेत्रमा बारम्बार भइरहने प्रमुख विपद्का घटनाहरूलाई मध्यनजर गरी समान्य पूर्वतयारी योजना र विषय क्षेत्रगत आवश्यकतालाई सन्तुलित र एकिकृत रूपमा सम्बोधन गर्न सात वटा विषयगत क्षेत्र निर्धारण गरी विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार गरिएको छ । उँपालिकाले विपद् व्यवस्थापन सम्बन्धि आफ्नै आन्तरिक स्रोत, विकास साझेदार संस्थाहरूको सहायता तथा निजी एवम् सामाजिक क्षेत्रसँगको साझेदारीमा यस योजनाको कार्यान्वयन गर्नेछ। विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई गाउँपालिकाका सम्बन्धित विषय क्षेत्रका योजना तथा कार्यक्रमहरूसँग समायोजना र एकिकरण गरी विपद् जोखिम सुसूचित विकासको अभ्यास मार्फत नगरको उत्थानशीलता विकास गरिनेछ। यस योजनाको कार्यान्वयनबाट पर्याप्त पूर्वतयारी र प्रभावकारी प्रतिकार्य गरी विपदबाट हुनसक्ने क्षति एवम् नोक्सानी घटाउन गाउँपालिकालाई सहयोग पुग्नेछ भन्ने विश्वास गरिएको छ ।

यस योजना तर्जुमाको क्रममा मस्यौदा कार्यदलमा रहेर काम गर्नुहुने सदस्यहरु, सबै वडाका वडाध्यक्ष तथा वडा विपद् व्यवस्थापन समितिका सदस्यहरू तथा विभिन्न छलफलमा सहभागी भई सल्लाह सुझाव दिनुहुने सरोकारवाला संस्थाका प्रतिनिधिहरु, विषयगत क्षेत्रका सदस्यहरु, त्यसैगरी योजना तर्जुमाको लागि योगदान गर्नुहुने यस गाउँपालिकाका उपाध्यक्ष, विषयगत समितिका संयोजकहरू, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखाका प्रमुखहरूलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

.........................

छव्वन खाँ
अध्यक्ष

# विषय सूचि


**खण्ड एक : प्रारम्भिक** ........ 7

**१.१ पृष्ठभूमि** ........ 7

**१.२ योजनाको आवश्यकता र औचित्य** ........ 8

१.२.१ आवश्यकता लेखाजोखा ........ 8

१.२.२ औचित्य ........ 8

**१.३ योजनाको उद्देश्य** ........ 8

**१.४ योजना तर्जुमा प्रक्रिया** ........ 9

**१.५ योजना तर्जुमा तथा कार्यान्वयनका आधारभूत मान्यताहरु** ........ 9

**खण्ड दुई विपद् जोखिम व्यवस्थापनको अवस्था** ........ 11

**२.१ जानकी गाउँपालिकाको संक्षिप्त परिचय** ........ 11

**२.२ विपद्का घटना एवम् क्षति बिश्लेषण** ........ 11

**२.३ जानकी गाउँपालिकाको प्रमुख र प्रथामिकतामा रहेका प्रकोपहरु** ........ 14

**२.४ प्रकोपको मौसमी विश्लेषण** ........ 14

**२.४.१ विपद् जोखिम आंकलन** ........ 15

**२.४.२ विपद् जोखिम आंकलन जोखिम नंशाक्न** ........ 16

**२.५ विपद्को अनुमानित परिदृष्य** ........ 17

**२.६ प्रकोप सङ्कटासन्नता तथा जोखिम विश्लेषण** ........ 18

**२.७ गाउँपालिकाको क्षमता विश्लेषण** ........ 19

**२.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी** ........ 22

२.८.१ समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र ........ 22

२.८.२ स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र ........ 23

२.८.३ आपत्कालीन आश्रयस्थल, गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषयगत क्षेत्र ........ 23

२.८.५ आपत्कालीन शिक्षा विषयगत क्षेत्र ........ 24

२.८.६ संरक्षण तथा सामाजिक सूरक्षा विषयगत क्षेत्र ........ 24

२.८.७ पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषयगत क्षेत्र ........ 25

२.८.८ खाद्य तथा जीविकोपार्जन, विषयगत क्षेत्र ........ 25

**३.१ सामान्य पूर्वतयारी कार्ययोजना** ........ 26

**३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना** ........ 27

३.२.१ समन्वय, खोज तथा उद्धार विषय क्षेत्र ........ 28

३.२.२स्वास्थ्य तथा पोषण विषय क्षेत्र ........ 28

३.२.३ आपत्कालीन आश्रयस्थल, गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषय क्षेत्र ........ 29

३.२.४ खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषय क्षेत्र ........ 30

३.२.५ शिक्षा विषय क्षेत्र ........ 30

३.२.६ संरक्षण तथा सामाजिक सूरक्षा विषय क्षेत्र ........ 31

३.२.७ पुनर्स्थापन तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र ........ 32

३.२.८ जीविकोपार्जन,खाद्य विषयगत क्षेत्र ........ 32

**३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) कार्ययोजना** ........ 33

३.३.१ समग्र व्यवस्थापन, खोज तथा उद्धार विषय क्षेत्र ........ 34

३.३.२ स्वास्थ्य तथा पोषण विषय क्षेत्र ........ 35

३.३.३ आपतकालीन आश्रयस्थल, गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषय क्षेत्र ........ 36

३.३.४ खानेपानी, सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्र ........ 37

३.३.५ शिक्षा विषय क्षेत्र ........ 38

३.३.६ पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र ......39
३.३.७ सरक्षण तथा सामाजिक सूरक्षा विषय क्षेत्र ......40
३.३.८ जिविकोपार्जन तथा कृषि विषयगत क्षेत्र ......41
**खण्ड चार : कार्यान्वयन अनुगमन तथा सिकाई योजना ...... 42**
**४.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन रणनीति ......42**
**४.२ स्रोत साधनको व्यवस्थापन ......42**
**४.३ क्षमता विकास रणनीति र योजना ......44**
**४.४ अन्य निकायसँगको समन्वय र सहकार्य ......44**
**४.५ अनुगमन, मूल्याङ्कन तथा सिकाई ......45**
४.५.१ अनुगमन तथा मूल्याङ्कन समिति ......45
४.५.२ अनुगमन सूचकहरु र लक्ष्य ......45
**अनुसूचीहरु ...... 49**
**अनुसूची-१ : स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण ...... 49**
**अनुसूची-२ : विषयगत क्षेत्रको विवरण ...... 49**
**२.१. समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र ...... 50**
**२.२. स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र ...... 50**
**२.३. अस्थायी आश्रयस्थल, गैर खाद्य सामग्री र राहत व्यवस्थापन विषयगत क्षेत्र ...... 50**
**२.४. खानेपानी सरसफाई तथा स्वस्छता प्रवर्धन विषयगत क्षेत्र ...... 51**
**२.५. शिक्षा विषयगत क्षेत्र ...... 52**
**२.६ सरक्षण तथा सामाजिक सूरक्षा विषयगत क्षेत्र ...... 52**
**२.७. पुनर्स्थापन तथा पुनर्निर्माण विषयगत क्षेत्र ...... 53**
**२.८ जिविकोपार्जन तथा कृषि विषयगत क्षेत्र ...... 53**
**अनुसूची-३ : सरोकारवाला निकायको पहिचान तालिका ...... 54**
**अनुसूची -४ : विपद उद्धारको लागि आवश्यक सामग्री विवरण ...... 54**
**अनुसूची -५ : रेडियो एफ.एम तथा संचार माध्यम (टेलिभीजन तथा पत्र पत्रिकाहरुको विवरण ...... 55**
**अनुसूची -६ : बाँके जिल्ला स्थित एम्बुलेन्स सेवाको विवरण ...... 57**
**अनुसूची -७ : सञ्चार सयन्त्र ...... 59**
**अनुसूची -८ : स्वास्थ्य शाखा तथा स्वास्थ्य चौकीहरुको सम्पर्क विवरण ...... 59**
**अनुसूची -९ : सामाजिक सूरक्षा भत्ता पाउनेहरुको तथ्याङ्क ...... 60**
**अनुसूची -१० : जानकी गाँउपालिका निर्वाचित पदाधिकारीहरुको नामावली तथा सम्पर्क नंम्बर ...... 61**
**अनुसूची -११ : बाँके जिल्लाको दमकल सेवाको नामावली तथा सम्पर्क नंम्बर ...... 61**
**अनुसूची -१२ : प्रारम्भिक द्रुत लेखाजोखा फारमको ढाँचा ...... 62**
**अनुसूची -१३: अनुगमन तथा मूल्याङ्कन फारम ...... 68**
**सन्दर्भ सामाग्री ...... 68**

# खण्ड एक : प्रारम्भिक

## १.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको मूलभूत उद्देश्य विपद्बाट हुने मृत्युदर तथा प्रभावितहरुको सङ्ख्या उल्लेख्य रूपमा घटाउनु, अन्य विपद् व्यवस्थापन गरी मानवीय क्षति न्यूनीकरण गर्नु, कृषि उद्योग, सडक, सञ्चार, खानेपानी एवम् सरसफाईका संरचना तथा स्वास्थ्य र शिक्षाका पूर्वाधार एवम् सेवामा विपद्का कारणबाट हुने क्षति तथा नोक्सानी घटाउँदै तिनीहरूको उत्थानशीलता बढाएर विकासको दीगोपनालाई स्थायित्व दिनु र विकास तथा पूर्वाधार निर्माणमा गरिएको लगानीलाई सुरक्षित गर्नु हो । तीनवटै तहका सरकारको अधिकार बाँडफाट सम्बन्धी संवैधानिक व्यवस्था, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को दफा ८ (१) एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) न तथा ११ (४) ख (१५) एवम् जानकी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ को दफा ५ मा गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार, जानकी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ ऐन २०७८ को दफा ३२ (१) एवम् विपद् जोखिम न्यूनीकरण तथा व्वस्थापन राष्ट्रिय नीति, २०७५ तथा रणनीतिक कार्ययोजना, २०१८-२०३० को लक्ष्य र मार्गदर्शन एवम् नीतिगत र कानूनी आधार र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को पहिलो संशोधन २०७६ ले तय गरेको विधि र प्रकृया बमोजिम विपद् प्रतिकार्यलाई चुस्त तथा प्रभावकारी बनाउन र त्यसको लागि आवश्यक पूर्वतयारी गर्न यस जानकी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको छ ।

सम्भावित विपद् व्यवस्थापन तथा विपद् पूर्वतयारीका गतिविधिहरुलाई योजनाबद्ध ढंगले अघि बढाउन अपरिहार्य भएको हुँदा गाउँपालिकाले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाइ लागु गर्न जरुरी छ ।

विपद न्युनिकरणको सवाल केवल राहत र उद्धारमा मात्र सम्बन्धित र सीमित छैन । आधारभूत मानव अधिकार, मानवीय कानून, विकास निर्माण, गाँस, बास, कपास, शान्ति सुरक्षा एवम् सामाजिक, आर्थिक, सांस्कृतिक लगायतका हरेक विषयहरुसँग यसको प्रत्यक्ष सम्बन्ध रहन्छ । यस्ता संवेदनशील विषयहरुलाई मनन गरी विपद् व्यवस्थापन गतिविधिहरुलाई विकासका हरेक पक्षसँग एकीकृत गर्दै दीगो विकासको अवधारणभित्र समावेश गरिनुपर्ने आवश्यकता रहेको छ । विपद व्यवस्थापनका गतिविधिहरुलाई सरकारी तथा गैरसरकारी सरोकारवाला निकायहरु बीचको साझेदारी र समन्वयमा सञ्चालन गर्नसकेमा बढि प्रभावकारी हुने देखिन्छ । विपदको क्षेत्रमा काम गर्ने निकायहरूका लागि तयार भएको मानवीय घोषणा (स्पेयर) पत्रले निर्दिष्ट गरेको मार्ग-निर्देशन र न्यूनतम मापदण्ड अनुसारको प्रक्रियालाई योजना तयार गर्न कार्यशालामा अवलम्बन गरिएको छ साथै यसमा अरु समावेश गर्नु पर्ने विषय बस्तुलाई पनि समेट्ने प्रयास भएको छ । खासगरी यो दस्तावेज तयार गर्दा देहायको प्रक्रिया अपनाइएको थियो ।

- गाउँ विपद् व्यवस्थापन समितिका सबै विषयगत सदस्यहरुकोबीच छलफल तथा गोष्ठी
- विपद्को क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुबाट सूचना संकलन

- गाउँ विपद् व्यवस्थापन समितिको बैठकमा पटक - पटक छलफल गरिएको विषयवस्तु तथा निर्णयहरु।
- यस योजनामा समावेश गरिएका विषयबस्तु समय समयमा परिमार्जन गरिनेछ । यसमा कतिपय त्रुटी र कमी कमजोरी हुन सक्दछन् । कतिपय क्षेत्रका तथ्याङ्कहरू आउदा दिनमा समेत प्राप्त हुन सक्ने भएको र जरुरी तथ्यांकलाई प्रबिस्ट गरिनेछ ।

## १.२ योजनाको आवश्यकता र औचित्य

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यशालाका सहभागीहरुबीच समुह निर्माण गरी विगतको अनुभवको आधारमा आवश्यकताको लेखाजोखा, कमि कमजोरी अर्थात खाडल पहिचान निम्न अनुसार गरिएको थियो।

### १.२.१ आवश्यकता लेखाजोखा

- सूचना संकलन र प्रवाह विषयमा आवश्यक अभिमूखिकरण र जानकारी
- वार्षिकरुपमा कृतिम पूर्व अभ्यास (Simulation)
- वार्षिक रुपमा विपद्का कारण भौतिक संरचना, मानवीय र आर्थिक क्षतिको मूल्याङ्कनकन गरी त्यस समयमा तत्काल कार्य संचालन गराउन आवश्यक वजेटको पूर्वानुमान गर्ने,
- विपद्का समयमा तत्कालीन यातायात सुचारु उपलब्धता याकिन गर्ने,
- पुन निमार्ण र पुनस्थापनका लागि क्षेत्रगत जिम्मेवारी बाँडफाँड,
- गाउँपालिकाको भौगोलिक क्षेत्रगत (Cluster) रुपमा सामाग्री भण्डारण,
- सवै निकाय र समुदाय स्तरमा आपत्कालीन कोष स्थापना र परिचालन।

### १.२.२ औचित्य

- विपद्को प्रतिकार्य पछि समिक्षा गर्ने कार्य,
- संस्थागत जिम्मेवारी तथा कार्य अझै Specific गर्दै लैजानु पर्ने,
- विपद्का समयमा प्रतिकार्यकालागि आवश्यक सामग्री भण्डारणको व्यवस्था,
- स्थानीय तहले आपतकालिन कोष परिचालन गाईडलाईनको व्यवस्था,
- सवै कलस्टरको नियमित वैठक वस्ने र प्रगति पेश गर्ने व्यवस्था,
- सवै कार्यालयमा विपद्जोखीम न्यूनिकरण सम्पर्क व्यक्ति (DRR focal person) को व्यवस्था,
- गा.पा स्तरिय विपद् ब्यवस्थापन समितिलाई प्रतिकार्य वारे अभिमूखिकरणको व्यवस्था,
- समुदाय स्तरिय र वडास्तरीय सामुदायिक विपद् व्यवस्थापन समितिहरुको नक्शांकन।

## १.३ योजनाको उद्देश्य

जानकी गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्नुको मुख्य उद्देश्यहरु यस प्रकार रहेका छन;

- विपद्बाट हुने क्षति तथा नोक्सानी घटाउनु र प्रभावित हुने व्यक्ति, परिवार तथा समुदायलाई उपयुक्त मानवीय सहायता सुनिश्चित गर्नु ।
- गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई व्यवस्थित र समन्वयात्मक रूपमा कार्यान्वयन गर्नु ।
- विपद् प्रतिकार्य तथा पूर्वतयारीका लागि स्थानीय साधन स्रोतको अधिकतम् परिचालन गर्नु ।
- विपद् पूर्वतयारीलाई प्राथमिकताका साथ कार्यान्वयन गरी विपद् पछि उद्धार राहतका लागि हुने खर्च घटाउनु ।
- विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरूसँगको समन्वय र सहकार्यमा गाउँपालिकाको विपद् प्रतिकार्य पद्धति, संरचना तथा समग्र क्षमता सुदृढ गर्नु ।
- विषयगत क्षेत्रका आधारमा गाउँपालिकाको विपद् न्यूनीकरण तथा व्यवस्थापन क्षमता बढाउँदै क्षेत्रगत तथा नियमित विकास कार्यक्रम मार्फत विपद् जोखिम न्यूनीकरणलाई निरन्तरता दिनु ।

## १.४ योजना तर्जुमा प्रक्रिया

जानकी गाउँपालिकाको विपद् व्यवस्थापन समितिको बैठकमा ब्यापक छलफल भइ गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने भनि निर्णय भयो । सोही अनुसार विभिन्न चरणमा बैठक,अन्तरक्रिया,समन्वय तथा पालिकाको आफ्नै आर्थीक व्यवस्थापनमा २०८२ साल बैशाख २२ गते विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यशाला गोष्ठि सम्पन्न भयो ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यशाला गोष्ठिमा गाउँ विपद् व्यवस्थापन समितिका सदस्यहरु, वडा अध्यक्षहरु, पालिकाको विषयगत शाखाका प्रमुखहरु , राजनितिक दलका प्रतिनिधिहरु र सरोकार निकायका प्रतिनिधिको उपस्थिति रहेको थियो । उक्त कार्यशाला गोष्ठिमा विशेष गरी प्रारम्भिक छलफल भयो र विषयगत क्षेत्रको पहिचान गरी गाउँपालिकाको क्षमता लेखाजोखा गरियो । यसको आधारमा मस्यौदा तयारी कार्यदलले योजनाको मस्यौदा तयार पारियो ।

**विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया**

१. प्रारम्भिक छलफल र विषयगत क्षेत्रको पहिचान
२. स्थानियको संकटासन्नता तथा क्षमता लेखाजोखा
३. योजना तर्जुमा बैठक तथा कार्यशाला
४. योजनाको प्रारम्भिक मस्यौदा तयारी
५. सरोकारवालाहरूको बैठक र मस्यौदामाथि छलफल
६. अन्तिम मस्यौदा तयारी र स्वीकृति

यसरी प्राप्त भएका सुझावलाई स्थानीय विपद् व्यवस्थापन समितिले पूनरावलोकन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रुप दिईएको छ ।

## १.५ योजना तर्जुमा तथा कार्यान्वयनका आधारभूत मान्यताहरु

- गाउँपालिका क्षेत्रमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनतर्गतका सबै गतिबिधिहरु गाउँपालिकाको नेतृत्वमा रहनेछ ।

- यस गाउँपालिकामा कार्यरत सबै सरोकारवाला निकायहरू तथा संस्थाहरूले आफ्नो कार्यक्षेत्र बमोजिम सम्बन्धित विषयगत क्षेत्रसँगको समन्वयमा प्रतिकार्य र पूर्वतयारीका गतिविधिहरूमा सहयोग गर्नेछन्।
- विपद् पूर्वतयारीको काम, विपद् प्रतिकार्य तथा मानवीय सहायताका लागि गरिने सहयोग एकद्धार नीति बमोजिम गाउँपालिकाको स्वीकृत मापदण्ड र प्रक्रिया अनुसार हुनेछ ।
- विपद् प्रतिकार्य तथा पूर्वतयारीको काम विषयगत क्षेत्रको समन्वय तथा गाउँपालिकाको नेतृत्वमा हुनेछ र लेखाजोखा, सूचना व्यावस्थापन, श्रोत परिचालन तथा व्यवस्थापन एकिकृत पद्धति अनुरूप हुनेछ ।
- समुदाय, सामाजिक संस्था तथा सरकारी निकायहरूको विपद् प्रतिकार्य क्षमता विकास गरी गाउँपालिकाको समग्र विपद् व्यवस्थापन क्षमता सुदृढ गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको काम स्थानीय सरकारको नेतृत्व तथा समन्वय, सामाजिक तथा नागरिक क्षेत्रको सहयोग र नीजि क्षेत्रसँगको साझेदारीमा हुनेछ ।
- विपद् पूर्वतयारी र प्रतिकार्यका गतिविधि तथा मानवीय सहायताका कार्यहरू सुशासनको मान्यता अनुरूप पारदर्शी, सहभागितामूलक र समावेसी हुनेछन् ।
- विपद् पूर्वतयारी, प्रतिकार्य तथा मानवीय सहायताका गतिविधिहरू मानवता, तटस्थता, निष्पक्षता र स्वतन्त्रता जस्ता मानवीयताका मुलभूत सिद्धान्तमा आधारित हुनेछन् ।
- विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा समग्र विपद् व्यवस्थापनमा उपलब्ध स्थानीय श्रोत तथा जनशक्तिको अधिकतम प्रयोग र परिचालनको नीति लिइनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यहरूलाई क्षेत्रगत विकासका नियमित गतिविधिहरूसँग एकिकृत गरी विकासमा मूल प्रवाहीकरण गर्दै गाउँको उत्थानशीलता विकास गरिनेछ ।

# खण्ड दुई विपद् जोखिम व्यवस्थापनको अवस्था

## २.१ जानकी गाउँपालिकाको संक्षिप्त परिचय

नेपाल सरकारको वि.सं. २०७३ फागुन २७ गतेको निर्णयानुसार साविकका ५ वटा गाविसहरु साईगाउँ, बेलभार, खजुराखुर्द, बेलहरी र गनापुर गा.वि.स. तथा नेपालगंज उपमहास्थानीयपालिकाको वडा नं. २३ लाई एक आपसमा गाभेर मिलाइ ६ वटा वडामा विभाजन गरी जानकी गाउँपालिकाको संरचना तयार पारिएको हो । कुल ६३.३२ बर्ग कि.मी. क्षेत्रफमा फैलिएको यो गाउँपालिका बाँकेका ८ वटा स्थानीय तहहरु मध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा सानो गाउँपालिका एवम् जनसंख्याका हिसाबले तेस्रो सानो स्थानीय तहमा पर्दछ।

यस गाउँपालिकाको मुख्य बजार पिप्रहवा चोक र मानपुर मानिन्छ, यस जानकी गाउँपालिका क्षेत्रसंग सिमाना जोडिएका ठाउँहरु पूर्वमा नेपालगंज, पश्चिममा खजुरा सिमाना, उत्तरमा कोहलपुर, र दक्षिणमा भारतको सिमाना रहेका छन ।

तालिकाः १ जानकी गाउँपालिकाको वडागत जनसङ्ख्याको विवरण

| वडा नं | घरधुरी संख्या | जनसङ्ख्या | | | क्षेत्रफल | परिवारको |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | (बर्ग कि. मि.) | औषत आकार |
| १ | १२९९ | ३८३१ | ३८४५ | ७६७६ | ८.९६ | ५.९१ |
| २ | ११४१ | ३०२० | ३०२४ | ६०४४ | ९.८३ | ५.३ |
| ३ | २६३३ | ६१९४ | ६४२९ | १२६२३ | १८.२१ | ४.७९ |
| ४ | १३५६ | ३१८९ | ३२१० | ६३९९ | ९.३२ | ४.७२ |
| ५ | ११४८ | ३०६८ | ३१५३ | ६२२१ | ६.६ | ५.४२ |
| ६ | १२४९ | ३५३३ | ३६४५ | ७१७८ | १०.४ | ५.७५ |
| जम्मा | ८८२६ | २२८३५ | २३३०६ | ४६१४१ | ६३.३२ | ५.२३ |

स्रोतः जनगणना २०७८

राष्टिय जनगणना २०६८ अनुसार जानकी गाउँपालिकाको ६ वटा वडामा जम्मा ६७२४ घरधुरीमा कुल जनसङ्ख्या ३७७३९ रहेकोमा हाल ८८२६ घरधुरीमा २३३०६ पुरुष र २२८३५ महिला गरि कुल जनसंख्या ४६१४१ पुगेको राष्टिय जनगणना २०७८ को नतिजाले देखाएको छ ।क्षेत्रफल र जनसङ्ख्याको हिसाबले वडा नं ३ सबै भन्दा ठुलो वडा हो भने सबैभन्दा सानो वडा नं ५ हो ।परिवारको औसत आकार ५.२३ रहेको छ ।

## २.२ विपद्का घटना एवम् क्षति बिश्लेषण

जानकी गाउँपालिकाको ऐतिहासिक घटना एवम् क्षति विश्लेषण गर्दा मुख्यतया शितलहर, अशिना पानी, डुबान, कोभिड-१९, डेङ्गु प्रकोप, हावाहुरी, आगलागी,, खडेरी, भूकम्प, झाडापखाला, आँखाको संक्रमण, चटयाङ, औधोगिक प्रदुषण, पशु पंछीहरुमा देखिने महामारी र सडक दुर्घटना मुख्य विपद्का घटनाहरु हुन् ।

तालिका २: जानकी गाउँपालिकाको विपद्का घटना एवम् क्षतिको विवरण

| विपद्को घटना | वडा स्थान | मानवीय क्षेति | भौतिक क्षति | आर्थिक क्षति | प्राकृतिक क्षति | सामाजिक प्रभाव | स्वास्थ्य प्रभाव | पुष्ट्याइँको आधार |
|---|---|---|---|---|---|---|---|---|
| **महामारी तथा स्वास्थ्य संकट** | | | | | | | | |
| कोभिड-१९ (२०७६ देखि ०८० सम्म) | सबै वडा | वडा नं २ मा १जना, वडा नं ३ मा २ जना, वडा नं ४ मा २ जना, वडा नं ५ मा १ जना मा र ६ मा १ जना | | ३ करोड | | रोजगारी गुम्यो ,बिभेद , आर्थिक प्रभाव ,शैक्षिक प्रभाव | मानसिक तनाब | छलफल |
| झाडापखला (२०६९) | सबै वडा | | | ५० लाख | | मनोवैज्ञानिक प्रभाव आर्थिक क्षेत्रमा प्रभाव शैक्षिक क्षेत्रमा प्रभाव | | छलफल |
| आँखाको संक्रमण | सबै वडा | | | २ लाख | | मनोवैज्ञानिक प्रभाव आर्थिक क्षेत्रमा प्रभाव शैक्षिक क्षेत्रमा प्रभाव | | छलफल |
| अन्य संकट एबम घटना | | | | | | | | |
| शितलहर ( बर्षेनी) | सबै वडा | वडा नं ५ - १ जना (२०७८ पौष) वडा नं २ - १ जना (२०७७ पौष) | तोरी वालि नष्ट , आलु नष्ट , तरकारी नष्ट | २० लाख | | कार्यालय र अत्यावश्यक सेवा प्रभावमा असर. | निमोनिया तथा दमको बिरामी दरमा बृधि | छलफल |
| अशिना पानी (२०६१, २०७१, २०७५, २०७७, २०७८ चैत्र र वैशाक र २०८१ अशोज) | सबै वडा | | | २०७८-४०० लाख. २०७१- ७ लाख र २०७८ अशोज ४ करोड | बोटबिरुवा नस्ट ,खेति नष्ट | | | छलफल |
| आगलागी ( २०७४, २०७६,२०७८ साल ) र २०७९ २०८० | २०७४ - १ र ४ नं वडा, २०७६- ३ नं वडा, २०७८- ६ र २ नं वडा २०७९ बडा नं २ बनकटुवा २०८० मा नेवालीगंज | २०७६- १ जना | २०७४ सालमा २ घर जलेको, २०७६ सालमा एउटा जुत्ता फेक्ट्री जलेको, २०७८ सालमा १ घर जलेर नष्ट भएको<br>१ घर जलेर नस्ट<br>२०८० मा २ घर जलेर नष्ट | २०७४ - २२ लाख, २०७६- १ करोड र २०७८- ५ लाख<br>१ लाख बरावरको क्षति<br>करिव २ लाख बरावरको | जंगल बिनास | | मानसिक तनाब | छलफल |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | क्षति | | | | |
| चटयाङ्क<br>( २०७६र २०७७-चैत्र/ बैशाख) | | | | | | | | |
| खडेरी<br>(२०७४ -जेठ र असार) | सबै वडाहरु | | धानबाली क्षति | २५ लाख | पानीको मुहान सुकेको | | मानसिक तनाब | छलफल |
| फौजिकिरा २०७७ | सबै वडा | | धानबाली क्षति | | | | | छलफल |
| भुकम्प<br>(२०७२) | सबै वडा | | घरहरु चर्केको | | | | | छलफल |
| हावाहुरी (वर्षेनी) | सबै वडा २०८० मा | ५० घरको क्षति | घरको छत उडाउने | ३० लाख | | | | छलफल |
| सडक दुर्घटना (वर्षेनी) | वडा नं ३ मानपुर र वडा नं ६ गनापुर २०८० मा | प्रत्येक वर्ष ५-१० जना<br><br>१ जना | बस ,ट्याक्टर दर्घटना | | | | | छलफल |
| डुबान (वर्षेनी) | वडा नं १, २,२,३,४, ६ २०७९ मा नमिला नाला २०८० मा बेलभारमा | १ जना<br><br>१ जनाको मृत्यू ८० घर प्रभावित<br><br>१ जनाको मृत्यू | बाटो बिग्रिने | १ करोड | जमिनको उर्बरा शक्तिमा कमि | कार्यालय र अत्यावश्यक सेवा प्रभावमा असर.<br>मनोवैज्ञानिक प्रभाव<br>आर्थिक क्षेत्रमा प्रभाव<br>शैक्षिक क्षेत्रमा प्रभाव | मानसिक तनाब | |
| पशु पंछीहरुमा देखिने महामारी (कुल डायरीया, लम्की स्किन डिजीज्, रेबिज र बर्ड फ्लु) | | | ३०० बाखा मरेको | ३० लाख | | आर्थिक क्षेत्रमा प्रभाव<br>रोज गारिको अभाव<br>आयातमा बृधी | | |

## २.३ जानकी गाउँपालिकाको प्रमुख र प्रथामिकतामा रहेका प्रकोपहरु

जानकी गाउँपालिकामा शितलहर, अशिना पानी, डुबान , कोभिड-१९, हावाहुरी, आगलागी,, खडेरी, भूकम्प, झाडापखाला, आँखाको संक्रमण, चटयाङ, औधोगिक प्रदुषण, पशु पंछीहरुमा देखिने महामारी र सडक दुर्घटना जस्ता विपद् तथा स्वास्थ्य संकटका घटनाहरू विगतमा हुने गरेको पाइएको छ । वडागत सङ्कटासन्नता विश्लेषण गर्दा सबै वडालाई अर्थात सिंगो गाउँपालिकामा एकैचोटी र ठूलो क्षति गर्न सक्ने र प्रभाव पार्न सक्ने विपद् भूकम्प हो । सिंगो मुलुक नै भूकम्पको उच्च जोखिममा भएकोले यो गाउँपालिका पनि भूकम्पको उच्च जोखिममा छ । भूकम्प पछि कोभिड १९ जस्तै उच्च संक्रमण महामारी यस गाउँपालिकाको लागि प्रमुख स्वास्थ्य संकट निम्त्याउने प्रकोपको रुपमा देखिएको छ । अधिकांश वडामा सितलहर र डुवान बारम्बार दोहोरिरहने र वर्षेनी जनधनको धेरै क्षति गर्ने प्रकोपमा पर्दछन् । सडक दुर्घटना र आगलागी पनि यस गाउँपालिकाका प्रमुख प्रकोपहरू हुन् । वडाको भौगोलिक विषेशता भूस्वरुप, प्रकोपको सम्मुखता तथा सामाजिक आर्थिक अवस्थाले समग्र विपद्को जोखिम स्तर निर्धारण गर्दछ । जानकी गाउँपालिकामा क्रमशः शितलहर, अशिना पानी, डुबान, हावाहुरी, आगलागी, खडेरी, चटयाङ, औधोगिक प्रदुषण, सडक दुर्घटना र भूकम्प प्रमुख र प्राथमिकतामा रहेका प्रकोपहरु हुन् भने कोभिड महामारी, आँखाको संक्रमण र झाडापखाला स्वास्थ्य संकट निम्त्याउन सक्ने स्वास्थ्यसँग सम्बन्धित प्रमुख प्रकोपहरु हुन् ।

तालिकाः ३ जाँनकी गाउँपालिकाको प्रमुख र प्रथामिकतामा रहेका प्रकोपहरु

१. आगलागी
२. डुबान
३. हावाहुरी
४. महामारी
५. सड्क दुर्घटना
६. खडेरी
७. लू (तातोहावा)
८. चटयाङ्ग
९. सर्पदंश
१०. सितलहर

## २.४ प्रकोपको मौसमी विश्लेषण

भौगर्भिक प्रकृयाबाट उत्पन्न हुने भूकम्प जस्ता प्रकोप जुनसुकै समयमा पनि आउन सक्छन् जसको मौसमी प्रकृति हुँदैन।भूकम्पको लागि बाह्रै महिना उत्तिकै जोखिमयुक्त समय हो।डुवान तथा असिनापानी जलवायु तथा मौसमजन्य प्रकोपका घटना मौसममा निर्भर हुन्छन।मनसुनी हावापानीको क्षेत्रमा अवस्थित नेपालमा हावापानीको विशेषता त्यसै अनुरूप निर्धारण भएको हुन्छ।नेपालमा वार्षिक वर्षको ८० प्रतिशत

वर्षायामको चार महिनामा हुने गर्छ भने हिउँदे वर्षा कम मात्र हुने गर्दछ ।त्यसकारण डुवान, असिनापानीजस्ता जलउत्पन्न प्रकोप बैशाख देखि भाद्रसम्मको चार / पाँच महिनाको अवधिमा बढी हुने गर्दछन्। हिउँदको समय सुख्खा हुने तथा फागुन चैतमा हावाहुरी पनि बढ्ने हुँदा आगलागीका घटना पनि बढ्छन् । सडक दुर्घटनाको कुनै मौसमी प्रकृति त हुँदैन तर वर्षाको समयमा सडक खराब हुने र डुवानले पनि सडक दुर्घटना बढाउने भएकोले दुर्घटनाहरू बढी हुने गर्दछन् । समग्रमा महामारीको पनि खासै मौसमी प्रकृति देखिँदैन तर झाडापखाला तथा आँखाको संक्रमण जस्ता महामारी वर्षा एवम् गर्मी समयमा बढी हुने गर्दछ ।

प्रकोप पात्रो विश्लेषणले प्रकोपको मौसमी प्रकृति अनुसार पूर्वतयारीको लागि कुन समयमा केन्द्रित हुने र प्रतिकार्यको लागि कुन समयमा तत्पर रहने भन्ने योजना तयार गर्न मद्दत गर्दछ।जानकी गाउँपालिकाका सन्दर्भमा असारदेखि असोजसम्म बढी विपद्का घटनाहरू हुन सक्ने समय हो । यो समयमा सबैभन्दा बढी डुवानका घटनाहरू हुन सक्छन् । सडक दुर्घटना, महामारी र भूकम्प जुनसुकै बेला पनि हुन सक्छ । त्यसैले वर्षा शुरू हुनुभन्दा अगाडी बैशाखमा पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन गर्ने, आवश्यक र तत्काल गर्नुपर्ने तयारीहरू गर्ने, संयन्त्र, जनशक्ति, यन्त्र, उपकरण तयारी अवस्थामा राख्ने गर्नु पर्दछ ताकि विपद्को समयमा छिटो र व्यवस्थित तरिकाले काम गर्न सकियोस् र जनधनको क्षति नहोस्।

चित्र १: प्रकोपको मौसमी विश्लेषण

| **प्रकोप** | बैसाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंशीर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आगलागी | ■ | ■ | | | | | | | | | ■ | ■ |
| भूकम्प | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| डुवान | | | ■ | ■ | ■ | | | | | | | |
| हावाहुरी | ■ | ■ | | | | | | | | | | ■ |
| सडक दुर्घटना | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| खडेरी | | | | ■ | ■ | ■ | ■ | | | | | |
| लू (तातोहावा) | ■ | ■ | ■ | | | | | | | | | ■ |
| चटयाङ्ग | ■ | ■ | | | | | | | | | | |
| सर्पदंश | | | ■ | ■ | ■ | | | | | | | |
| सितलहर | | | | | | | | | ■ | ■ | | |

## २.४.१ विपद् जोखिम आंकलन

यस विपद् पर्व तयारी तथा प्रतिकार्य योजना कार्यशाला गोष्ठिको छलफलको आधारमा विपद् जोखिम आँकलन गर्दा निम्न अनुरुप पाइएको थियो ।

तालिका ४: जानकी गाउँपालिकाको विपद् जोखिम आँकलन

| प्रमुख विपद् | उच्च जोखिम वडा | उच्च जोखिम बस्तीहरू | जोखिममा रहेको पूर्वाधार / अन्य क्षेत्र | जोखिममा रहेका घरधुरी | जोखिममा रहेको जनसङ्ख्या |
|---|---|---|---|---|---|
| झाडापखला | २ ३ ४ र ६ | बेलभार ईन्द्रपुर खजुराखुर्द र गनापुर | ० | ४००० | २०००० |
| डुवान | १ ३ ४ र ६ | साईगाउ ईन्द्रपुर खजुराखुर्द गनापुर | मुख्य सडक वा नहरको साईडमा पर्ने बस्तीहरु | ३००० | १५००० |
| आगलागी | २ र ३ | बेलभार ईन्द्रपुर | घना वस्ती एवँ कलकार खानाहरुमा | ५०० | १००० |
| चटयाङ | ३ र ६ | ईन्द्रपुर र गनापुर | उघोग तथा विधुतिकरण भएको | ८०० | १८०० |
| सडक दुर्घटना | ६ ४ र ३ | गनापुर खजुराखुर्द र ईन्द्रपुर | हाईवे तथा पक्की सडकको मुख्य बाटो | १५०० | २००० |
| कोभिड -१९ | १ देखि ६सम्म | सबै बस्तीहरुमा | अशिक्षा तथा पहुचको कमी | ७३१९ | ४२३६५ |

## २.४.२ विपद् जोखिम आंकलन जोखिम नंशाङ्कन

बाढी/डुवान

| **वडा नं.** | **बाढी प्रभावित वस्तीको नाम** | **उच्च जोखिम घरधुरी संख्या** | **प्रभावित हुनसक्ने जनसंख्या** |
|---|---|---|---|
| १ | साइगाउँ, शिवपुरी, पचपोखरा, बढैया | १०७ | १०२० |
| २ र ३ | मानपुरबस्ती, करमोहन, रिहारपुरवा | ५५ | ४०० |
| ४ | पशुपतिनगर, गौरीनगर, जानकीनगर, गिजरा, अमृतपुर | ४४ | २३८ |
| ६ | कोठारपुर भाटनपुर, कपासी, रिहार, डिठ्ठापुर, अमृतपुर | १२० | ६६० |
| **जम्मा** | | **३२६** | **२३१८** |

आगलागी/ डढेलो

| वडा नं. | आगलागी प्रभावित वस्तीको नाम | उच्च जोखिम घरधुरी संख्या | प्रभावित हुनसक्ने जनसंख्या |
|---|---|---|---|
| १ | साइगाउँ, शिवपुरी, पचपोखरा, बढैया, जोगागाँउ | ८०० | ४८५० |
| २ | मानपुरबस्ती, करमोहन, रिहारपुरवा साहुपुर,रतैया,छोटीपुर, चौधरीपुर | ६५० | ३३५० |
| ३ | मानपुर,तेजनगर, गणेशमिल,राधाकृष्ण टोल,कालिकापुर,मोतिपुर | १२५० | ६७०० |
| ४ | जानकीनगर, गिजरा, अमृतपुर,शिवनगर,नहरपुर्वा,सानो खजुरा,ठुलो खजुरा | ५४० | २६०० |
| ५ | गुरुवागाँउ,बुढीयागाँउ | ३५० | २१०० |
| ६ | कोठारपुर भाटनपुर, कपासी, रिहार, डिठ्ठापुर, अमृतपुर,कैरातीपुर | ७५० | ४२०० |
| **जम्मा** | | | |

## २.५ विपद्को अनुमानित परिदृष्य

- २०७१ तथा २०७४ सालमा जस्तै बाढी आएमा करिव २००० घरहरुका करिव १०००० जनसंख्या प्रत्यक्ष रुपमा प्रभावित हुने
- ७.८ रेक्टर भन्दा ठुलो भुकम्प गएमा करिव ८० प्रतिशत घरहरुमा क्षति पुग्ने
- विगतको हावाहुरीको प्रकृति हेर्दा करिव ५०० जनसंख्या प्रत्यक्ष रुपमा प्रभावित हुन सक्ने
- शितलहरको प्रकोपबाट कपडा, खाद्यान्नको अभाव भई सहयोग आवश्यक पर्ने जनसंख्या करिव २००० हुन सक्ने
- हिउँद याममा प्रयाप्त वर्षा नहुँदा खडेरी हुन गई अनुमानित १००० जनसंख्याका लागि पूर्व तयारी गर्नु पर्ने
- छाडा घरपालुवा जनावरको कारण पनि जोखिम दिन प्रतिदिन बढ्दै गईरहेको

## २.६ प्रकोप सङ्कटासन्नता तथा जोखिम विश्लेषण

कुनै पनि प्रकोपको सङ्कटासन्नता समुदाय तथा जनसङ्ख्याको संवेदनशीलता, विपद्का घटनाको आवृत्ति, गाम्भिर्यता र प्रभावको विस्तार जस्ता कुराहरुको आधारमा उच्च, मध्यम र न्यून गरी जोखिम स्तर निर्धारण गरिएको छ । यसरी विश्लेषण गर्दा यस पालिकामा भूकम्प, डुवान, सडक दुर्घटना, उच्च जोखिम रहेको देखिन्छ भने चट्याङ, सितलहर, बालीमा लाग्ने फौजी किरा, आगलागी र झाडापखाला को मध्यम जोखिम देखिएको छ ।

| **विपद्** | **संकटासन्नता** (Vulnerability) | **आवृत्ति** (Frequeny) | **गम्भिर्यता** (Intensity) | **प्रभाव** (Impact) | **जोखिम** (Impact) |
|---|---|---|---|---|---|
| भूकम्प | **उच्च (३)**<br>- भौगर्भिक चिराहरू नजिकै रहेको<br>- भवन संरचनाहरू कमजोर रहेको<br>- वृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएको जनसङ्ख्या उल्लेख्य रहेको | मध्यम (२) | उच्च (३) | उच्च (३) | **उच्च** (३) |
| आगलागी | मध्यम (२)<br>- विद्युत सर्ट भएर हुने बढ्दो घटना<br>- बढ्दो शहरीकरण<br>- बढ्दै गएको सुख्खा याम<br>- सामाजिक आर्थिक सङ्कटासन्नता<br>- जनचेतनाको कमजोर अवस्था | मध्यम (२) | उच्च (३) | मध्यम (२) | **मध्यम (२)** |
| डुवान | **उच्च (३)**<br>- भवनहरु गहिरो ठाउँ तथा मापदण्ड बिपरित बनेको<br>- ढल तथा नालीको उपयुक्त व्यवथा नभएको<br>- प्राय जमिनहरु अन्यत्र भन्दा होचो रहेको | उच्च (३) | मध्यम (२) | मध्यम (२) | **उच्च** (३) |
| हावाहुरी | **उच्च (३)**<br>घर गोठको छाना जस्तापाता (टिन) बाट बने संरचना,<br>खरको छानाबाट बनेका घर गोठहरु,<br>घरको छेउमा ठूलो बोटविरुवा हुन र हावाहुरीको बेला ढल्नु । | मध्यम (२) | उच्च (३) | उच्च (३) | **उच्च** (३) |
| सडक दुर्घटना | मध्यम (२)<br>- सडकको कमजोर गुणस्तर<br>- मुख्य राजकार्गमा अवस्थित<br>- बढ्दै गएको सवारी साधनको सङ्ख्या<br>- सडक सुरक्षा सम्बन्धी कमजोर बुझाई | उच्च (३) | उच्च (३) | मध्यम (२) | **उच्च** (३) |

| विपद् | संकटासन्नता (Vulnerability) | आवृत्ति (Frequeny) | गम्भिर्यता (Intensity) | प्रभाव (Impact) | जोखिम (Impact) |
|---|---|---|---|---|---|
| सितलहर | मध्यम (२)<br>- नदी किनारमा बढेको अतिक्रमण<br>- माथिल्लो जलाधार क्षेत्रमा जाने पहिरो<br>- बाढीको जोखिमयुक्त ठाउँमा बसेको बस्ती<br>- विकास निर्माणका कामले बढाएको जोखिम<br>- वृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएको जनसङ्ख्या | उच्च (३) | मध्यम (२) | मध्यम (२) | **मध्यम** (२) |
| फौजी किरा | मध्यम (१)<br>- जलवायुमा आएको परिवर्तन<br>- किट पतङ्गको वृद्धि<br>- किराबाट नोक्सान हुने किशिमको बालीनाली | मध्यम (२) | मध्यम (२) | मध्यम (२) | **मध्यम** (२) |
| चट्याङ | मध्यम (२)<br>- जलवायुमा आएको परिवर्तन<br>- शहरीकरण र विद्युतीकरणको विस्तार<br>- राम्ररी अर्थिङ नगरिनु<br>- कम गुणस्तरीय विद्युतीय सामानहरूको प्रयोग<br>- जनचेतनाको कमी | मध्यम (२) | उच्च (३) | मध्यम (२) | **मध्यम** (२) |
| कोभिड १९ | उच्च (३)<br>- उच्च संक्रामक भाइरस<br>- कमजोर स्वास्थ पूर्वाधार र तयारी<br>- सावधानीका उपायहरूको कमजोर पालना<br>- जनचेतनाको कमजोर स्तर<br>- सामाजिक आर्थिक सङ्कटासन्नता<br>- उच्च जोखिम समूहमा रहेको जनसङ्ख्या | मध्यम (२) | उच्च (३) | उच्च (३) | **उच्च** (३) |
| झाडापखाला | उच्च(३)<br>- खानेपानी सरफाइको कमजोर अभ्यास<br>- कमजोर स्वास्थ पूर्वाधार र तयारी<br>- जनचेतनाको कमजोर स्तर<br>- सामाजिक आर्थिक सङ्कटासन्नता | मध्यम (३) | मध्यम (२) | उच्च (३) | मध्यम (३) |

## २.७ गाउँपालिकाको क्षमता विश्लेषण

विपदको प्रभावकारी प्रतिकार्य, पर्याप्त पूर्वतयारी र विपद् पछिको परिस्थितिलाई यथाशीघ्र समान्य अवस्थामा फर्काउन तथा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरू संचालन गर्न आवश्यक पर्ने संस्था, संरचना, नीति, कानून, योजना, पूर्वाधार, भौतिक स्रोत साधन, प्राकृतिक स्रोत, सामाजिक स्रोत, आर्थिक स्रोत र मानवीय स्रोतको विद्यमान अवस्थाको लेखाजोखा र गाउँपालिकाको विपद् प्रतिकार्य क्षमता सुदृढ गर्नको लागि गाउँपालिकाको क्षमता अभिवृद्धिको आवश्यकता विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५: जानकी गाउँपालिकाको क्षमता विश्लेषण

| क्षेत्र | अवस्था विश्लेषण | आवश्यकता विश्लेषण |
|---|---|---|
| **कानून, नीति योजना** | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन बनेको;<br>विपद् कोष सञ्चालन सम्बन्धी कार्यविधि नबनेको,<br>स्थानीयतहको स्वास्थ्य नीति एवम् स्वास्थ्य ऐन तयार भएको,<br>गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना भएको, | ऐन एवम् कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्ने,<br>स्वास्थ्य नीति एवम् ऐन पारित गर्नु पर्ने,<br>विपद् राहत सम्बन्धी मापदण्ड बनाउनु पर्ने,<br>विपद् जोखिम न्यूनीकरण एवम् व्यवस्थापन नीति तथा कार्ययोजना बनाउनु पर्ने,<br>जोखिम सूचूचित क्षेत्रगत विकास योजना बनाउनु पर्ने । |
| **संस्था एवम् संरचना** | स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको,<br>वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको,<br>गाउँपालिकामा विपद् व्यवस्थापन सम्पर्क अधिकृत तोकिएको,<br>गाउँपालिका तहमा द्रुत प्रतिकार्य टोली गठन भएको । | खोज उद्धार, प्राथमिक उपचार, विपद् लेखाजोखा कार्यादल गठन गर्नुपर्ने,<br>जनप्रतिनिधि र कर्मचारीलाई अभिमुखीकरण गर्नुपर्ने । |
| **पूर्व सूचना तथा विपद् सूचना व्यवस्थापन** | गाउँपालिकाको स्वास्थ्य सम्बन्धी डिजिटल प्रोफाइल तयार भएको,<br>स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना र सञ्चालन भएको,<br>गाउँपालिकाको विपद् जोखिम सम्बन्धी अध्ययन नक्शाङ्कन नभएको । | गाउँपालिकामा आपत्कालीन कार्य सञ्चालन केन्द्रको, नियमित संचालन र सूचना व्यवस्थापनको प्रवन्ध गर्नुपर्ने ।<br>स्वास्थ्य प्रोफाइलमा स्वास्थ्य संकट सम्बन्धी विवरण पनि समावेश गर्नुपर्ने, |
| **पूर्वाधार तथा भौतिक श्रोत साधन** | सडक पहुँच पुगेको,<br>सबै वडामा सबै बस्तीमा विद्युत पुगेको,<br>सबै वडा र घरधुरीमा खानेपानी पर्याप्त पुगेको,<br>सबै वडा र घरधुरीमा सरसफाई सुविधा पर्याप्त पुगेको,<br>स्थानीयमा रहेका स्वास्थ्य संस्थाहरू (स्वस्थ्य केन्द्र - ६, बर्थिङ् सेन्टर - ३)<br>गाउँपालिकामा एउटा एम्बुलेन्स रहेको,<br>गाउँपालिकामा दमकल नभएको तर नेपालगंज उप महानगरपालिका संग | सबै वडामा आपत्कालीन प्रयोजनका लागि खुला क्षेत्रको पहिचान गर्नुपर्ने,<br>आपत्कालीन आश्रयस्थल बनाउन सकिने सामुदायिक भवन तथा खुला ठाउँमा सडक, खानेपानी र सरसफाई पूर्वाधार निर्माण गर्नुपर्ने,<br>प्रत्येक वडामा सामान्य खोज उद्धारका सामग्रीहरू, प्राथमिक उपचार एवम् स्वास्थ्य एवम् व्यक्तिगत सुरक्षाका सामग्रीहरू तयारी राख्नुपर्ने । |

| | | |
|---|---|---|
| | सहयोग गर्ने सम्झौता भएको । | |
| **प्राकृतिक श्रोत** | वनक्षेत्र रहेको<br>खुला चउर रहेको<br>नदीनाला रहेको<br>पानीका मुहान रहेको<br>बाँसघारी रहेको | पानीका मुहान ताल पोखरी र वन क्षेत्रको संरक्षण गर्नुपर्ने<br>आपत्कालीन आश्रयस्थल बनाउन सकिने खुला ठाउँको पहिचान गरी सडक खानेपानी र सरसफाई पूर्वाधारहरूको तयारी गर्नुपर्ने । |
| **सामाजिक श्रोत** | आमा समूह<br>युवा संस्था सबै वडामा रहेको<br>बाल क्लब सबै वडामा रहेको<br>सामुदायिक भवन प्राय सबै वडामा रहेको<br>सामाजिक संघ संस्थाहरु रहेको | सामाजिक संस्था तथा स्रोतहरूलाई विपद् न्यूनीकरण तथा पूर्वतयारीमा संलग्न गराउने र परिचालन गर्ने नीति र कार्यक्रम बनाउनु पर्ने,<br>सामाजिक संस्थाहरूको संयन्त्र बनाई उनीहरूको श्रोतलाई एकिकृत रुपमा परिचालन गर्नुपर्ने,<br>सामाजिक संस्थाहरूको विपद् व्यवस्थापन तथा प्रतिकार्य क्षमता बढाउनुपर्ने । |
| **आर्थिक श्रोत** | बैंक एउटा बैंक छ NIC ASIA।<br>सहकारी संस्था छन्<br>विपद् कोष (१७ लाख विपद् कोष रहेको) | नीति तथा प्रक्रिया तय गरी आर्थिक क्षेत्रलाई विपद् जोखिम न्यूनीकरणमा लगानी गर्ने र श्रोत परिचालन गर्नुपर्ने<br>सहकारी संस्था तथा बचत समूहले आफ्ना सदस्यहरूका लागि आपत्कालीन सहायता कोषको प्रवन्ध गर्नुपर्ने<br>बीमा कम्पनीहरूसँग समन्वय गरी विपद् बीमाको शुरूवात तथा प्रवर्धन गर्नुपर्ने । |
| **मानवीय श्रोत** | उद्धार तथा सुरक्षा कर्मी नेपाल प्रहरी -४ वटा चौकी नेपाल प्रहरी, शसत्र प्रहरी बल १ वटा गण<br>स्वस्थ्यकर्मी २६ जना<br>भूकम्प प्रतिरोधी घर बनाउन सक्ने मिस्त्री छन्<br>अस्थायी आवास निर्माण गर्न सक्ने जनशक्ति छन्<br>विपद् सम्बन्धी तालिम दिनसक्ने छन् । | स्थानीयपालिकामा रहेको जनशक्तिलाई संगठित रूपमा विपद् प्रतिकार्य र पूर्वतयारीमा परिचालनको लागि तयारी गर्नुपर्ने<br>वडा तहमा विपद् प्रतिकार्य टोली तयार गरी तालिम दिएर प्रथम सामुदायिक उद्धारक (First Community Responder) तयार गर्नुपर्ने ।<br>भूकम्प प्रतिरोधी घर बनाउन सक्ने जनशक्तिलाई संगठित गरी क्षमता अभिवृद्धि गर्नुपर्ने ।<br>वडा तहमा स्वास्थ्य संस्थासँग समन्वय गरी प्राथमिक उपचार टोली तयार गर्नुपर्ने<br>विपद् लेखाजोखा गर्नसक्ने जनशक्ति वडा तहमा तयार गर्नुपर्ने<br>प्रत्येक वडामा स्वास्थ्य संस्था अन्तरगत द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्नुपर्ने । |

## २.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी

यस जानकी गाउँपालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि विश्ववयापी तथा राष्ट्रिय तहमा भएका विषयगत क्षेत्रको अभ्यास, स्थानीय आवश्यकता र पालिकाको संस्थागत संरचना अनुसार सातवटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । विषयगत क्षेत्रको जिम्मेवारी देहाय बमोजिम रहको छ।

विषयगत क्षेत्र र यसको नेतृत्व

| क्रसं | विषयगत क्षेत्र | नेतृत्व / सम्पर्क शाखा |
|---|---|---|
| १ | समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र | गाउँपालिका अध्यक्ष- गाउँपालिका विपद् व्यवस्थापन समिति<br>सम्पर्क शाखा: प्रशासन शाखा |
| २ | स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास विषयगत समिति<br>सम्पर्क शाखा: स्वास्थ्य शाखा |
| ३ | आपतकालीन आश्रयस्थल, तथा गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषयगत क्षेत्र | संयोजक - भौतिक पूर्वाधार विषयगत समिति<br>सम्पर्क शाखा: पूर्वाधार विकास शाखा |
| ४ | खानेपानी सरसफाई तथा स्वस्छता प्रवर्द्धन विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास विषयगत समिति<br>सम्पर्क शाखा: खानेपानी तथा सरसफाई शाखा |
| ५ | आपतकालीन शिक्षा विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास विषयगत समिति<br>सम्पर्क शाखा: शिक्षा,युवा तथा खेलकुद शाखा |
| ६ | संरक्षण तथा सामाजिक सूरक्षा विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास विषयगत समिति<br>सम्पर्क शाखा: महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| ७ | पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषयगत क्षेत्र | संयोजक - पूर्वाधार विकास विषयगत समिति<br>सम्पर्क शाखा: पूर्वाधार विकास शाखा |
| ८ | खाद्य तथा जीविकोपार्जन विषयगत क्षेत्र | संयोजक - आर्थिक विकास विषयगत समिति<br>सम्पर्क शाखा: कृषि शाखा |

### २.८.१ समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र

गाउँपालिका क्षेत्रमा कुनै पनि विपद्को घटनाको स्थिति हुनासाथ तत्काल प्रतिकार्यमा जुटेर मानवीय जीवन रक्षा तथा सम्पत्तिको सुरक्षा गरी जनजीवन सामान्य अवस्थामा ल्याउनु पर्ने हुन्छ । यसका लागि गाउँ विपद् व्यवस्थापन समितिको अध्यक्षको हैसियतले विपद् प्रतिकार्यको सम्पूर्ण नेतृत्व गाउँपालिका अध्यक्षले गर्नुपर्दछ।विपद्को परिस्थितिमा एकातिर अन्य विषयगत क्षेत्रका साथै गाउँपालिका मातहतका स्रोत साधन र सबै संयन्त्रहरू प्रतिकार्यका लागि परिचालन गर्नुपर्दछ भने विपद्को प्रभाव अनुसार बाह्य सहयोगको लागि गाउँपालिकाभित्र र बाहिर, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरूसम्म समन्वय गर्नुपर्दछ । विपद् पूर्वतयारीका लागि सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गर्ने तथा विपद्को समयमा विपद् प्रभावित समुदायमा तुरून्त खोज उद्धार, प्राथमिक उपचार र राहत वितरणको लागि समन्वय गर्ने, विपद् प्रभावितहरूको पहिचान गरी परिचयपत्र उपलब्ध गराउने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने र यसको लागि समयमै आवश्यक पूर्वतयारी गर्ने समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व गाउँपालिका अध्यक्षले गर्दछन्।पालिकामा रहेका सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी निजी क्षेत्रका प्रतिनिधि र अन्य सबै

विषय क्षेत्रका संयोजनकहरू यसमा सदस्य रहन्छन् । प्रमुख प्रशासकीय अधिकृत यस विषयगत क्षेत्रको सदस्य सचिवको रूपमा रहन्छन् ।

### २.८.२ स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र

विपद्को समयमा खोज उद्धार कार्यसँगै घाइतेहरूको जीवन रक्षाको लागि प्राथमिक उपचार सेवा आवश्यक पर्दछ।त्यसपछि गम्भीर प्रकृतिका घाइतेहरूको लागि थप उपचारको प्रवन्ध गर्नु पर्दछ । प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा स्वास्थ्य सेवालाई निरन्तरता दिनु पर्ने हुन्छ । महामारीजन्य विपद् तथा स्वास्थ्य संकटको समयमा रोकथाम तथा व्यवस्थापनमा स्वास्थ्य क्षेत्रको प्रमुख भूमिका हुन्छ । विपद् प्रभावित समुदायका बालबालिका, बृद्धबृद्धा, गर्भवती तथा दुध खुवाउने आमाहरूको लागि थप पोषणयुक्त खानाको आवश्यकता पर्दछ । गाउँपालिकाको स्वास्थ्य संरचना र क्षमताको परिचालन गरी प्राथमिक उपचार, स्वास्थ्य सेवा र पोषणको प्रवन्ध गर्नु यस विषयगत क्षेत्रको प्रमुख जिम्मेवारी हो । साथै यस विषयगत क्षेत्रले कोभिड-१९ लगायतका महाव्याधीको संक्रमण, स्वास्थ्य संकटको रोकथाम, नियन्त्रण र व्यवस्थापनको कार्य समेत गर्नेछ। यस विषयगत क्षेत्रको नेतृत्व गाउँपालिकाको सामाजिक विकास समितिको संयोजकले गर्दछन् भने गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव रहन्छन् । स्थानीयपालिकामा रहेका स्वास्थ्य संस्था तथा अस्पतालहरू र स्वास्थ्य तथा पोषणको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरु यस विषयगत क्षेत्रको सदस्यको रुपमा रहन्छन् ।

### २.८.३ आपत्कालीन आश्रयस्थल, गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषयगत क्षेत्र

गाउँपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ त्यसबाट विस्थापित तथा प्रभावित भएकाहरुलाई बस्नको लागि आश्रयस्थलको लागि आवश्यक प्रवन्ध मिलाउने ओढ्ने ओछ्याउने लगायतका गैर खाद्य सामग्री एवम् लगाउने कपडाको प्रवन्ध गर्ने ।यस विषयगत क्षेत्रको नेतृत्व वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजनकले गर्दछन् भने विपद् व्यवस्थापन सम्पर्क अधिकृत सदस्य सचिवको रुपमा रहन्छन् ।

### २.८.४ खानेपानी, सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्र

विपद् पश्चात प्रभावित समुदायमा खानेपानी तथा सरसफाईका पूर्वाधारहरूमा क्षति पुग्छ । विस्थापितहरूले आश्रय लिएको आश्रयस्थलमा खानेपानी र सरसफाइको उचित र पर्याप्त प्रवन्ध गर्नु पर्दछ । विपद्पछि सरसफई र स्वस्थताको उचित प्रवन्ध नभएमा विभिन्न महामारी फैलिन सक्छ । विपद् प्रभावितहरूको लागि स्वच्छ र पर्याप्त खानेपानी तथा सरसरफाइको प्रवन्ध गर्नु, विपद् प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थल वा क्वारेन्टिन र आइसोलेसन केन्द्रहरुमा खानेपानी एवम् सरसफाईको प्रवन्ध तथा स्वस्थता प्रवर्धन गर्नु, प्रभावितहरूको लागि मापदण्ड अनुसारको सरसफाई तथा स्वस्थता प्रवर्धनका सामग्रीहरूको सुनिश्चिता गर्नु, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्नु ,मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्नु ,व्यक्तिगत सरसफाईको लागि स्वस्थता सम्बन्धी सरसामानहरू जस्तैः हाईजिन किट, पियुष ,डस्टविन , आदि उपलब्ध गराउनु, विपद्बाट क्षति भएका खानेपानी तथा सरसफाईका पूर्वाधारहरू पुनर्स्थापना गर्न सहयोग गर्नु यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो ।यस विषयगत क्षेत्रको नेतृत्व सामाजिक विकास समितिको संयोजनकले गर्दछन् भने खानेपानी तथा सरसफाई शाखा प्रमुखले सदस्य

सचिवको रुपमा काम गर्दछन् । खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धनको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.८.५ आपत्कालीन शिक्षा विषयगत क्षेत्र

विपद्को घटना पछि परिवारहरू विस्थापित हुन्छन् । कतिपय बालबालिकाले अविभावक गुमाउँछन् । यस्तो अवस्थामा महिला र बालबालिकामाथि हिंसा बढ्छ । यस गाउँपालिकामा धेरै विद्यालयहरू पहिरो, आगलागी, चट्याङ् जस्ता प्रकोपको जोखिममा छन् र विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् । ठूलो भूकम्प आएको खण्डमा अधिकांश विद्यालयमा क्षति पुग्छ । कोभिड-१९ को महामारीको कारण लामो समयसम्म विद्यालयहरू बन्द भए । संरक्षण तथा शिक्षा विषयगत क्षेत्रले विपद्को समयमा किशोरी, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नु पर्दछ । विद्यालयहरू क्षति भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्वतयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने, वैकल्पिक सिकाई निरन्तरताको लागि उपयुक्त ठाउँको पहिचान गरी आवश्यक सामग्रीहरूको तयारी गर्ने, सुरक्षित सिकाईको वातावरण तयार गरी शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिने, संरक्षण तथा शिक्षा क्षेत्रको क्षति र आवश्यकताको लेखाजोखा गरी पुनर्स्थापन र पुनर्निर्माणमा सहयोग गर्ने र विद्यालय मार्फत स्वास्थ्य संकट एवम् विपद् सुरक्षा सम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । गाउँपालिकाको सामाजिक विकास समितिको संयोजकले यस विषयगत क्षेत्रको नेतृत्व गर्दछन् भने शिक्षा शाखा प्रमुख सदस्य सचिव रहन्छन् । गाउँपालिकामा रहेका शिक्षा क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.८.६ संरक्षण तथा सामाजिक सूरक्षा विषयगत क्षेत्र

आपत्कालिन परिस्थितीबाट उत्पन्न हिंसा, उत्पीडन, शोषण, दुव्र्यबहारका जोखिमहरूलाई सम्बोधन गरी प्रकोपबाट प्रभाबित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुव्र्यवहारबाट प्रभाबित ब्यक्तिहरूका लागि आवश्यक सहयोग उपलब्ध गराउनेकालागि **संरक्षण तथा सामाजिक सूरक्षा विषयगत क्षेत्रको महत्व रहने गरेको छ।** बालमैत्री तथा महिलामैत्री स्थलँ तथा मनोसामाजिक परामर्श सम्बन्धी सहयोग सुनिश्चित गरी बालबालिका,महिला, अपांगता भएका व्यक्तिहरुलाई सुरक्षित बातावरणमा राख्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ । परिवार देखी बिछोड भएका बालबालिका खास गरी पाँच बर्षको उमेरभन्दा मुनिका वालवालीका तथा किसोर किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य सम्बन्धी जाँचका बारेमा सहयोग एवम् आवश्यकता अनुसार उपयुक्त सेवा तथा संरक्षणका सुविधा सहित परिवारको खोजी गर्ने कार्यमा सहयोग गर्ने र बिपद पूर्वतयारी तथा प्रतिकार्यमा लैङ्गिक समानता, आपांगता सामाजिक समावेशीकरण भएको सुनिश्चित गर्नेकालागि यो समितिले कार्य गर्छ ।महिला, किशोरकिशोरी, जेष्ठ नागरिक, आपांगता भएका व्यक्तिहरु,

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई राहत, पुनर्लाभ, पुनःनिर्माण र पूर्वतयारीका क्रियाकलापहरूमा सहभागिताका लागि अन्य बिषयगत क्षेत्रहरु संग समन्वय गर्ने भुमिका निर्वाह गर्नुपर्छ ।

## २.८.७ पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषयगत क्षेत्र

यस विषयगत क्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्दछ ।विपद् पश्चात विस्थापितहरूलाई तत्काल अस्थायी आश्रयस्थल व्यवस्थापन गर्न तथा आवास, खानेपानी, सरसफाई लगायतका अस्थायी पूर्वाधार तयार गर्न सहयोग गर्दछ । त्यसैगरी पुनर्स्थापनको चरणमा स्थायी संरचनाहरू पुनर्निर्माण नहुँदासम्मको लागि अस्थायी संरचना तथा पूर्वाधार तयार गर्ने काम गर्दछ आपत्कालीन अवस्थामा पूर्वाधार क्षति भएर आवतजावत अवरूद्ध भएमा सेवा सुचारू गर्नका लागि तत्काल अस्थायी पूर्वाधार तयार गर्ने । प्रभावित समुदायसम्म राहत तथा प्रतिकार्यको पहुँच सहज बनाउन तत्काल अस्थायी पूर्वाधारहरूको विकास गर्ने । गाउँपालिकाले पूर्वाधार निर्माण गर्दा मापदण्ड बमोजिम र विपद् सुरक्षित भएको सुनिश्चित गर्ने । आपत्कालीन प्रयोजनका लागि अस्थायी आश्रयस्थल, त्यसमा आवश्यक खानेपानी तथा सरसफाईका पूर्वाधारहरू तयार गर्ने । विपद्बाट क्षति भएका संरचनाहरूको पुननिर्माण गर्दा बहुप्रकोपको जोखिमबाट सुरक्षित स्तरीय मापदण्ड अनुसार भएको सुनिश्चित गर्ने । विपद्को प्रकृति र प्रभाव हेरी यस विषयगत क्षेत्रको काम विपद्को तत्कालको अवस्थादेखि पुनर्निर्माणको काम नसकिँदासम्म चल्न सक्छ र विपद् व्यवस्थापनका चारबटै चरणमा काम गर्नुपर्ने हुन्छ । यस विषयगत क्षेत्रको नेतृत्व पूर्वाधार विकास समितिको संयोजकले गर्दछन् भने पूर्वाधार विकास शाखा प्रमुख यसको सदस्य सचिवको रूपमा रहन्छन् । माथि उल्लिखित विषयगत क्षेत्रको नेतृत्व र सदस्य संस्थाहरूको विवरण अनुसूची-२ मा राखिएको छ ।

## २.८.८ खाद्य तथा जीविकोपार्जन, विषयगत क्षेत्र

प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्ने काम यो खाद्य तथा जीविकोपार्जन, विषयगत क्षेत्रले निर्वाह गरेको हुन्छ । जीवन रक्षा सम्बन्धी रणनीतिहरू लागि आवश्यक्ताको पूर्ति गर्न खाद्य सम्बन्धी प्रर्याप्त स्रोत उपलब्ध गराउने र स्फेयर मापदण्डअनुरुप प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २१०० क्यालोरी प्राप्तहुने गरी खाद्यान्नको व्यवस्था गर्ने कार्यमा भुमिका निर्वाह गर्नुपर्छ । विशेषगरि गर्भवती, सुत्केरी, बालवालिका, जेष्ठ नागरिकलाई सुहाउंदो पोषणयुक्त खाद्यान्नहरु वितरण गर्ने प्राथमिकता समेत राख्न ध्यान दिनुपर्छ ।

# खण्ड तीन .पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ सामान्य पूर्वतयारी कार्ययोजना

विपद्को सम्भावना र त्यसबाट हुनसक्ने जनधनको क्षति कम गर्न र पर्याप्त पूर्वतयारी गरी विपद् एवम् स्वास्थ्य संकट प्रतिकार्य क्षमता सुदृढ गर्न स्थानीय विपद् व्यवस्थापन समितिले नियमित रुपमा पूर्वतयारीका विभिन्न गतिविधिहरू संचालन गर्नु पर्दछ । विपद् पूर्वतयारी र विपद् एवम् स्वास्थ्य संकट व्यवस्थापनलाई विकासका गतिविधिहरूमा जोडेर जोखिमका स्रोतहरूको न्यूनीकरण गर्दै प्रतिकार्यका लागि आधार तयार गर्न सामान्य पूर्वतयारीका रूपमा देहाय बमोजिमको कार्ययोजना तयार गरिएको छ ।

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | गाउँ आपत्कालीन कार्य सञ्चालन केन्द्रमा सञ्चार एवम् खोज उद्धार तथा प्राथमिक उपचार सामग्रीको प्रवन्ध गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| २ | गाउँपालिका सबै वडामा समुदायमा आधारित खोज उद्धार कार्यदल गठन गर्ने | तत्काल | वडा | प्रत्येक वडामा | वडा विपद् व्यवस्थापन समिति |
| ३ | प्रदेश र केन्द्रीय तहसँग समन्वय हुने गरी विपद् जोखिम न्यूनीकरण वेभ पोर्टल विकास गरि सञ्चालन गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| ४ | विपद् पश्चातको आवश्यकताको लेखाजोखाको लागि आधुनिक सूचना प्रविधिको उपयोग गरेर द्रुत आँकलन प्रणाली प्रक्रिया तयार गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| ५ | आपत्कालीन अस्थायी आश्रयस्थलको लागि स्थानियमा खुला क्षेत्र पहिचान गर्ने | तत्काल | गाउँपालिका | ८ वटा | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| ६ | प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा आपत्कालीन निकासी मार्ग (Evacuation Route) र आपत्कालीन भेला हुने स्थान (Assembly Point) छुट्याई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने, गराउने | फाल्गुन | सबै सम्बन्धित संस्थाहरु | | सम्बन्धित कार्यालय |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | वडामा भएका सामुदायिक भवनहरूमा आपत्कालीन अस्थायी आश्रयस्थल तथा क्वारेन्टिन सञ्चालनको लागि सडक खानेपानी सरसफाइका पूर्वाधार तयार गर्ने | फाल्गुन | पहिचान गरिएका स्थानहरू | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |
| ८ | प्रत्येक वडामा आपत्कालीन आश्रयस्थल तथा क्वारेन्टिन / आइसोलेसन सेन्टर मा प्रयोग गर्न सकिने सुरक्षित सामुदायिक भवनको पहिचान / निर्माण गर्ने | नियमित | वडा | प्रत्येक वडामा कम्तिमा एउटा | पूर्वाधार विकास शाखा वडा कार्यालय |
| ९ | विपद्बाट हुने मानवीय क्षति बाली पशु, घर तथा सम्पतिको लागि कार्यबिधि बनाई बीमा गर्न प्रोत्साहन गर्ने । | चैत्र | गाउँपालिका क्षेत्र | | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| १० | विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरु, स्थानीय गैर सरकारी संस्थाहरु, स्थायी प्रकृतिका उपभोक्ता समितिहरु र नागरिक संस्थाहरुबीच सहकार्यको लागि संयन्त्र तयार गर्ने | फाल्गुन | गाउँपालिका क्षेत्र | | गाउँपालिका/ वडा विपद् व्यवस्थापन समिति |
| ११ | गाउँपालिका क्षेत्रका प्रमुख प्रकोपहरु (भूकम्प, आगलागी र सडक दुर्घटना, महामारी नियन्त्रण) को लागि परिदृष्यमा आधारित कृतिम घटना अभ्यास नियमित सञ्चालन गर्ने | नियमित | गाउँपालिका क्षेत्र | वार्षिक | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| १२ | गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना वार्षिक रूपमा अद्यावधिक गर्ने | नियमित | गाउँपालिका | वार्षिक | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| १३ | सबै विषयगत क्षेत्रको कार्यतालिका बनाएर नियमित बैठक बस्ने | नियमित | गाउँपालिका | तीन तीन महिनामा | सबै विषयगत क्षेत्र |

## ३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

यस गाउँपालिकामा पर्न सक्ने विपद् त्यसको पूर्वानुमानित आँकलनका आधारमा देहाय बमोजिम सात वटा विषयगत क्षेत्रको पूर्वतयारीका कार्यहरु निर्धारण गरिएको छ । उक्त क्रियाकलापहरू कार्यान्वयनको जिम्मेवारी सम्बन्धित विषयगत क्षेत्रको हुनेछ भने आवश्यकता अनुसार अन्य निकाय वा क्षेत्रसँग समन्वय गरी काम गर्नेछन् ।

## ३.२.१ समन्वय, खोज तथा उद्धार विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | वडा तहमा गठन भएका खोज उद्धार टोलीलाई तालिम दिएर प्रथम सामुदायिक उद्धारक (First Community Responders) तयार गर्ने | चैत्र | वडा | ६ | सुरक्षा निकाय, नेपाल रेडक्रस |
| २ | खोज उद्धारका लागि आवश्यक उपकरण सामग्रीहरुको आवश्यकता आँकलन गरी खरिद गर्ने | चैत्र | गाउँपालिका | १ | सुरक्षा निकाय, नेपाल रेडक्रस |
| ३ | खोज उद्धार टोली परिचालनको लागि न्यूनतम् खोज उद्धार सामग्री खरिद गरी तयारी अवस्थामा राख्ने | चैत्र | वडा | ६ | सुरक्षा निकाय, वडा कार्यालय |
| ४ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने । | नियमित | स्थानियपालिका | १ | सम्बन्धित संस्था |
| ५ | सबै विषयगत क्षेत्रका सदस्यहरू तथा सरोकारवाला निकाय र संस्थाहरूको सम्पर्क ठेगाना अद्यावधिक राख्ने | नियमित | गाउँपालिका | १ | सबै विषयगत क्षेत्र |

## ३.२.२स्वास्थ्य तथा पोषण विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका सबै वडामा स्थानीय स्वास्थ्य संस्थाको समन्वयमा द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्ने | तत्काल | वडा | हरेक वडामा एक | वडा विपद् व्यवस्थापन समिति तथा स्वास्थ्य शाखा |
| २ | गाउँपालिकाको सबै स्वास्थ्य संस्थाहरूमा आपत्कालीन प्रयोजनको लागि औषधिको ‘बफर स्टक’ व्यवस्थापन गर्ने र औषधि उपलब्ध भएको सुनिश्चित गर्ने | नियमित | वडा | स्वास्थ्य संस्था अनुसार | सम्बन्धित स्वास्थ्य संस्था |
| ३ | वडा तहमा प्राथमिक उपचार कार्यदल गठन गर्ने | तत्काल | वडा | हरेक वडामा एक | वडा विपद् व्यवस्थापन समिति |
| ४ | स्वास्थ्यकर्मी, महिला स्वयं सेविका र वडा स्तरीय कार्यदलका सदस्यहरुको लागि प्राथमिक उपचार तालिम सञ्चालन गर्ने | नियमित | वडा | ६ | नेपाल रेडक्रस सोसाइटी |
| ५ | समुदायमा जनस्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | | गाउँपालिका | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | विपद्को समयमा गर्भवती तथा सुत्केरी महिला र बालबालिकाहरुमा पोषण आवश्यकता पूर्तिका लागि पुरक खाना आवश्यकताको आँकलन गर्ने | | गाउँपालिका | | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| ७ | आपत्कालीन अवस्थामा घाइतेहरूको थप उपचारको लागि रिफरल प्रकृया तय गर्ने | | गाउँपालिका | १ | स्थानिय विपद् व्यवस्थापन समिति |

### ३.२.३ आपत्कालीन आश्रयस्थल, गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | अस्थायी आश्रय स्थल, खाद्य तथा गैर खाद्य सामग्री र राहत व्यवस्थापन विषयगत क्षेत्रका सदस्य संस्थाहरूको सम्पर्क ठेगाना अद्यावधिक राख्ने | नियमित | गाउँपालिका | १ | सम्बन्धित संस्था |
| २ | गाउँपालिकामा भएका हेभी इक्वीपमेन्ट, ढुवानीका साधनहरु तथा सवारी साधनहरुको लगत तयार गरी आपत्कालीन अवस्थामा प्रयोग गर्न निजी क्षेत्रसँग सम्झौता गर्ने | चैत्र | गाउँपालिका | १ | सम्बन्धित संस्था |
| ३ | गाउँपालिकामा कम्तिमा प्रत्येक वडामा १०० परिवारको लागि आवश्यक पर्ने गैर खाद्य सामग्री सेटको स्टक राख्ने | चैत्र | वडा | ६ | नेपाल रेडक्रस |
| ४ | प्रत्येक वडामा कम्तिमा १०० परिवारका लागि अस्थायी आश्रयको लागि बहुप्रकोपबाट सुरक्षित स्थान पहिचान गरी राख्ने | फाल्गुन | वडा | ६ | वडा कार्यालय |
| ५ | गाउँपालिकामा कम्तिमा ३०० परिवार तथा १५०० जनसङ्ख्याको लागि आवश्यक पर्ने गैर खाद्य सामग्री भण्डारणको क्षमता भएको गोदामघरको व्यवस्था गर्ने | चैत्र | गाउँपालिका | १ | |
| ६ | पहिचान गरिएको स्थानमा अस्थायी आश्रयस्थलका लागि आवश्यक पूर्वाधार, खानेपानी, सरसफाइको प्रवन्ध तथा तत्काल टहरा बनाउन सक्ने व्यवस्था गर्ने | माघ | गाउँपालिका | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |
| ७ | पहिचान गरिएका वा तयार गरिएका अस्थायी आश्रयस्थलका संरचना र सुविधाहरू महामारीको समयमा क्वारेन्टिन एवं आइसोलेसन केन्द्रको रुपमा प्रयोग | माघ | गाउँपालिका | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | गर्न सक्ने र स्वास्थ्य सेवा सञ्चालन गर्न मिल्ने गरी विकास गर्ने | | | | |

### ३.२.४ खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धन सम्बन्धी आवश्यकताको आँकलन गर्ने | माघ | गाउँपालिका | १ | खानेपानी सरसफाई शाखा |
| २ | विपद् लेखाजोखा टोलीलाई खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धन क्षेत्रको विपद् सूचना संकलनको तालिम दिने | फाल्गुन | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| ३ | कम्तिमा ५०० परिवारलाई पुग्ने आपत्कालीन सरसफाई तथा स्वस्थता प्रवर्द्धन सामग्री भण्डारणको व्यवस्था मिलाउने | फाल्गुन | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| ४ | आपत्कालीन आश्रयस्थल वा आश्रयस्थल बनाउन पहिचान गरिएका खुला क्षेत्रमा खानेपानी आपूर्तिको स्रोत र आवश्यक सामग्रीको प्रवन्ध गर्ने | फाल्गुन | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| ५ | रेडियो टिभी, पत्रपत्रिका र सामाजिक मिडिया मार्फत सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रम प्रसारण गर्ने | नियमित | गाउँपालिका | | सम्बन्धित शाखा |
| ६ | खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्रका सदस्यहरूको सम्पर्क अध्यावधिक राख्ने | माघ | गाउँपालिका | १ | सम्बन्धित शाखा |

### ३.२.५ शिक्षा विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | बाढी, पहिरो, हावाहुरी, शीतलहरले प्रभावित गर्नसक्ने विद्यालयहरूको सूची अद्यावधिक गर्ने र संभावित क्षतिको आंकलन गर्ने। | वर्षको १ पटक | वडास्तर मा | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| २ | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामग्रीहरू | निरन्तर | गाउँपाल स्तर | सवै विद्यालयको लागि | शिक्षा शाखा, सम्बन्धित |

| क्र.सं. | पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | तयारी अवस्थामा राख्ने। | | | | विद्यालय |
| ३ | शीतलहरबाट विद्यार्थीमा हुनसक्ने प्रभावहरूको बारेमा विद्यालयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | निरन्तर | विद्यालय स्तरमा | सवैवटा | शिक्षा शाखा, सम्बन्धित विद्यालय, विषयक्षेत्र |
| ४ | सम्भावित विपद्बाटसुरक्षित हुने उपाय बारे विद्यालयहरूमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र एफ.एम. रेडियोबाट सन्देशमूलक कार्यक्रम प्रशारण गर्ने। | निरन्तर | गाउँ/नगरस्तर,विद्यालयस्तर | विद्यालय र एफ.एम.बाट कम्तिमा १५ दिन (प्रकोपमा केन्द्रित भई) | वातावरण तथा विपद् व्यवस्थापन शाखा, शिक्षा शाखा,सम्बन्धित विद्यालय |

## ३.२.६ संरक्षण तथा सामाजिक सूरक्षा विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | सबै विषयगत क्षेत्रलाई महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे जानकारी दिने | निरन्तर | गाउँपालिका | सबै विषयगत क्षेत्र | महिला तथा बालबालिका शाखा |
| २ | विपद्को समयमा संरक्षण एवम् सुरक्षाका लागि चाहिने सामग्रीहरू खरिद गरी भण्डारण गर्ने | निरन्तर | गाउँपालिका | अनुमानित आँकलन अनुसार | महिला तथा बालबालिका शाखा |
| ३ | विद्यालयका शिक्षक र महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श सम्बन्धी तालीम दिने | निरन्तर | गाउँपालिका | सबै वडा र सबै विद्यालयहरू | नेपाल रेडक्रस सोसाइटी |
| ४ | सबै विद्यालयमा विद्यालय सुरक्षा कार्यन्वयन कार्यविधि बमोजिम सुरक्षित विद्यालयका न्यूनतम् गतिविधि सञ्चालन गर्न सहजीकरण गर्ने | निरन्तर | विद्यालय | सबै विद्यालय | महिला तथा बालबालिका शाखा |
| ५ | विद्यालयहरूको संकटासन्नता तथा क्षमता लेखाजोखाको लागि सहयोग गर्ने | माघ | विद्यालय | सबै विद्यालय | महिला तथा बालबालिका शाखा र अन्य निकाय |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | विद्यालयहरूलाई सिकाई निरन्तरता र पूर्वतयारी सहितको विद्यालय सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्न सहयोग गर्ने | फाल्गुन | विद्यालय | सबै विद्यालय | सम्बन्धित शाखा |
| ७ | विद्यालय व्यवस्थापन समिति तथा प्रअहरुलाई विद्यालय सुरक्षा सम्बन्धी तालिम दिने | चैत्र | विद्यालय | सबै विद्यालय | महिला तथा बालबालिका शाखा र अन्य निकाय |
| ८ | कृतिम घटना तथा सिमुलेसन अभ्यास सञ्चालन गर्न पालिका र विद्यालयहरूसँग समन्वय गर्ने | निरन्तर | विद्यालय | सबै विद्यालय | महिला तथा बालबालिका शाखा र अन्य निकाय |

## ३.२.७ पुनर्स्थापन तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | जोखिम संवेदनशील भू-उपयोग योजना बनाई कार्यान्वयन गर्ने गराउने | माघ | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| २ | पूर्ण रूपमा भवन आचार संहिता कार्यान्वयन सुनिश्चित गर्ने गराउने | माघ | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| ३ | जोखिमयुक्त क्षेत्रहरूको दोहन र अतिक्रमणमा नियन्त्रण गर्ने | माघ २ | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| ४ | पहिचान गरिएका आपत्कालीन आश्रयस्थलमा अस्थायी आवास, सरसफाई, खानेपानी, सडक र विजुलीको पूर्वाधार तयार गर्ने | बैशाख | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| ५ | ग्रामीण सडक निर्माण जस्ता पूर्वाधार विकास गर्दा प्राविधिक र वातावरणीय अध्ययन अनुसार विपद् जोखिम नबढ्ने कुरा सुनिश्चित गर्ने | निरन्तर | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| ६ | संरचना तथा पूर्वाधारको पुनर्निर्माण अझ राम्रो अझ बलियोको मान्यता अनुरूप गर्ने | निरन्तर | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| ७ | विषयगत क्षेत्रका सदस्यहरूको सम्पर्क विवरण अद्यावधिक राख्ने र विषयगत क्षेत्रको नियमित बैठक गर्ने | माघ | गाउँपालिका | १ | सम्बन्धित शाखा |

## ३.२.८ जीविकोपार्जन,खाद्य विषयगत क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|

| क्र.सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने | निरन्तर | गाउँ/ नगरपालिका | आवश्यकता अनुसार वर्षको १ वा २ पटक | कृषि शाखा, विषयक्षेत्र |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसङ्ख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने | प्रकोपको सम्भावित समय अगावै | गाउँ/ नगरस्तर | वर्षको २ पटक | कृषि शाखा, विषयक्षेत्र |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुवन्ध करार गर्ने | प्रकोपको सम्भावित समय अगावै | गाउँ/ नगरस्तर | कम्तिमा २ वटा ठूला पसल वा उद्योग | कृषि शाखा, वडा कार्यालय |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरू बीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने | प्रकोपको सम्भावित समय अगावै | वडास्तर | मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तिमा १ पटक | कृषि शाखा, विषयक्षेत्र |
| | | | | | |

### ३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) कार्ययोजना

आपत्कालीन प्रतिकार्य योजनामा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने खोज ,उद्धार , उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण, राहत वितरणका र विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन र संप्रेषणका क्रियाकलापहरू सहित प्रत्येक विषयगत क्षेत्र परिचालनको समय तालिका सहितको कार्यविधि समावेश गरिएको छ । यसका लागि देहाय बमोजिमका क्रियाकलापहरू तर्जुमा गरिएको छ ।

## ३.३.१ समग्र व्यवस्थापन, खोज तथा उद्धार विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | गाउँपालिका विपद् व्यवस्थापन समिति आकस्मिक बैठक बसी हरेक विषयगत क्षेत्रलाई तयारी अवस्थामा रहन निर्देशन दिने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २ | समन्वय खोज तथा उद्धार विषयगत क्षेत्रको आकस्मिक बैठक बस्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ४ | खोज उद्धार र सुरक्षाको लागि उद्धारकर्मी, सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय |
| | ५ | खोज तथा उद्धारका लागि आवश्यक सामग्री र यातायातको बन्दोबस्त गर्ने | बन्दोबस्ती विषय क्षेत्र |
| | ६ | घाइतेहरूको शिघ्र उद्धार गर्ने र वेपत्ताहरूको खोजी कार्यलाई तीब्रता दिने | सुरक्षा निकाय |
| | ७ | सम्भावित जोखिम क्षेत्रका समुदायको सुरक्षित स्थानान्तरण गर्ने | सुरक्षा निकाय, वडा समिति |
| | ८ | घाइतेहरूको तत्काल प्राथमिक उपचारका लागि आवश्यक समन्वय गर्ने | स्वास्थ्य विषयगत क्षेत्र |
| | ९ | मृतकहरूको पहिचान गरी मुचुल्का गरेर शव आफन्त जिम्मा लगाउने | वडा समिति |
| २४ घण्टा देखि ७ दिन | १० | खोज उद्धार कार्यलाई आवश्यकता अनुसार निरन्तरता दिने | सुरक्षा निकाय |
| | ११ | २४ घण्टाको कामको समीक्षा गरी थप खोज उद्धार कार्य अघि बढाउने | सुरक्षा निकाय |
| | १२ | प्रभावितहरूको व्यक्तिगत सम्पत्ति तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको लागि सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय |
| | १३ | आवश्यकता अनुसार शव व्यवस्थापन कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १४ | बहु क्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा गर्नको लागि सबै विषयगत क्षेत्रलाई समन्वय तथा परिचालन गर्ने | सुरक्षा निकाय |
| | १५ | विपद्को घटनाको प्रकृति हेरी आवश्यकता अनुसार जिल्ला प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गर्ने | सुरक्षा निकाय |
| ७ दिनदेखि १ महिना | १६ | आवश्यकता अनुसार खोज उद्धार कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १७ | विपदमा हराएका वा नष्ट भएका अत्यावश्यक दस्तावेजहरुको लगत सङ्कलन गर्ने | सुरक्षा निकाय वडा समिति |
| | १८ | हराएका वा नष्ट भएका कागजातहरुको पुनर्निर्माण तत्काल गर्ने | वडा कार्यालय |
| | १९ | विषय क्षेत्रगत विस्तृत लेखाजोखाको आधारमा विपदबाट भएको क्षतिको लागि पुनर्स्थापना योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |

| | | | |
|---|---|---|---|
| | २० | विपद् पश्चातको आवश्यकता लेखाजोखाको आधारमा स्थानियपालिकाको पुनर्निमाण योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |

## ३.३.२ स्वास्थ्य तथा पोषण विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २ | घाइतेको खोज उद्धारसँगै प्राथमिक उपचारका लागि प्राथमिक उपचार टोली परिचालन गर्ने | खोज उद्धार कार्यदल |
| | ३ | विपद् प्रभावित क्षेत्रमा प्राथमिक उपचार डेस्क स्थापना गरी सेवा सञ्चालन गर्ने | बन्दोबस्ती विषय क्षेत्र |
| | ४ | गम्भीर अवस्थाका घाइतेहरूलाई थप उपचारको लागि रिफर गर्ने | विपद् व्यवस्थापन समिति |
| | ५ | दीर्घ रोगीहरू पहिचान गरी उनीहरूको लागि औषधि तथा उपचार सेवा उपलब्ध गराउने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ६ | मापदण्ड अनुसार शुद्ध पिउने पानी र प्रभावितहरूको अवस्था अनुसार पोषणयुक्त खानाको सुनिश्चतता गर्ने | खाद्य विषयगत क्षेत्र |
| | ७ | विपद् प्रभावित क्षेत्र तथा अस्थायी आश्रयस्थलमा नियमित औषधि उपचारका साथसाथै गर्भवती जाँच, सुत्केरी र परिवार नियोजन सेवालाई निरन्तरता दिने | बन्दोबस्ती विषय क्षेत्र |
| | ८ | मनोसामाजिक परामर्श सेवा सञ्चालनलाई आवश्यकता अनुसार निरन्तरता दिने | संरक्षण विषय क्षेत्र |
| | ९ | अस्थायी आश्रयस्थल तथा प्रभावित समुदायमा महामारीजन्य विपद् फैलिन नदिन थोकथामका उपायहरू अपनाउने | खानेपानी तथा सरसफाई विषयगत क्षेत्र |
| | १० | स्वास्थ्य तथा पोषण क्षेत्रको विषयगत आवश्यकता लेखाजोखा गरी पुनर्स्थापन योजना तयार गर्ने | विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन क्षेत्र |
| ७ दिन देखि १ महिना | ११ | आवश्यकता अनुसार स्वास्थ्य उपचार र सेवा प्रवाहलाई निरन्तरता दिने | स्वास्थ्य संस्थाहरू |
| | १२ | थप महामारी फैलिन नदिन रोकथामका उपायहरू निरन्तर गर्ने | खानेपानी तथा सरसफाई विषयगत क्षेत्र |
| | १३ | स्वास्थ्य क्षेत्रको विपद् पछिको आवश्यकताको लेखाजोखा गरी पुनर्निमाण योजना तयार गर्ने | पुनर्निर्माण विषयगत क्षेत्र |

### ३.३.३ आपतकालीन आश्रयस्थल, गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | अस्थायी आश्रय स्थल, खाद्य तथा गैर खाद्य सामग्री र राहत व्यवस्थापन विषयगत क्षेत्रको आकस्मिक बैठक बोलाउने र अवस्था विश्लेषण गर्ने, प्रभावित हुनसक्ने जनसंख्यको आँकलन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | २ | विस्थापितहरूको लागि तत्काल अस्थायी बसोबासको प्रवन्ध गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ३ | प्रारम्भिक द्रुत लेखाजोखाको लागि आवश्यक बन्दोबस्त गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ४ | उद्धारकर्मी, स्वास्थ्यकर्मी तथा घाइतेहरुको ओसार पसार र राहत सामग्रीको ओसार पसार गर्नको लागि यातायातका साधनहरुको प्रवन्ध गर्ने | खोज उद्धार विषयगत क्षेत्र |
| | ५ | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि तत्काल खान मिल्ने खाद्य सामग्री उपलब्ध गराउने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ६ | विपद् प्रभावितहरूलाई गर्मीको समयमा झुल र जाडोको समयमा न्यानो कपडाको प्रवन्ध गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| २४ घण्टा देखि ७ दिन | ७ | प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Need Assessment-IRNA) आधारमा आगामी एक महिनाको लागि खाद्य तथा गैर खाद्य आवश्यकताको आँकलन गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ८ | प्रभावितहरूको लागि अस्थायी आश्रय स्थलमा बसोबासको प्रवन्ध गर्ने कार्यलाई निरन्तरता दिने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ९ | आश्रय स्थलमा शौचालय, खानेपानी, सरसफाई तथा औषधि उपचारको लागि अन्य विषयगत क्षेत्रसँग समन्वय गर्ने | खानेपानी सरसफाई र स्वास्थ्य विषयगत क्षेत्र |
| | १० | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि खाद्य सामग्री, खाना पकाउने भाँडाकुँडा र ओढ्ने ओछ्याउने सामग्री उपलब्ध गराउने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ११ | अपांगता भएका व्यक्ति एकल महिला र पुरुषका लागि उपयुक्त आश्रय स्थलको प्रवन्ध गर्ने | संरक्षण विषयगत क्षेत्र |
| | १२ | विपद्को कारण आघातमा रहेका व्यक्तिहरूलाई आश्रयस्थलमा नै मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने प्रवन्ध गर्ने | संरक्षण विषयगत क्षेत्र |
| | १३ | अस्थायी आश्रयस्थलमा बालबालिकालाई खेल्ने ठाउँको प्रवन्ध गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| ७ | १४ | आवश्यकता अनुसार विस्थापितहरुलाई घर फर्किने वातावरण | स्थानीय विपद् |

| | | | |
|---|---|---|---|
| दिन देखि १ महिना | | तयार गरी घर फर्काउने | व्यवस्थापन समिति |
| | १५ | भौतिक संरचना पुनर्निर्माणका लागि आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउन सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गर्ने | सामुदायिक वन उपभोक्ता समिति |
| | १६ | अस्थायी आश्रयस्थलमा रहेका बालबालिकाको सिकाई निरन्तरताको लागि गाउँपालिकाको शिक्षा शाखा र शिक्षा विषयगत क्षेत्रसँग समन्वय गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| | १७ | विपद् पश्चातको आवश्यकता लेखाजोखाको लागि आवश्यक बन्दोबस्त मिलाउने | विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन विषयगत क्षेत्र |

## ३.३.४ खानेपानी, सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्र

तालिका १८: खानेपानी, सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २ | प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा सुरक्षित शुद्ध पिउने पानी तथा सरसफाईको लागि मापदण्ड अनुसारको आवश्यक पानी उपलब्ध गराउने प्रवन्ध गर्ने | अस्थायी आश्रय स्थल तथा राहत व्यवस्थापन क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ३ | खानेपानी तथा सरसफाई आवश्यकताको आँकलन गर्ने | विपद् लेखाजोखा क्षेत्र |
| | ४ | आस्थायी आश्रय स्थलमा सरसफाईका अस्थायी संरचनाहरू तयार गर्ने | अस्थायी आश्रय स्थल तथा राहत व्यवस्थापन क्षेत्र |
| | ५ | प्रभावित समुदायमा सामान्य क्षति भएका खानेपानी तथा सरसफाईका संरचनाहरू तत्काल मर्मत गर्ने | पुनर्स्थापन तथा पुनर्निर्माण विषयगत क्षेत्र |
| | ६ | खानेपानी शुद्धीकरणका विधिहरू समुदायलाई जानकारी गराउने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ७ | अस्थायी आश्रयस्थलको फोहोर मैला व्यवस्थापनको प्रवन्ध गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ८ | अस्थायी आश्रयस्थलमा नियमित स्वास्थ्य, खानेपानी तथा सरसफाई शिक्षा प्रवर्द्धन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ९ | खानेपानी तथा सरसफाई क्षेत्रको पुनर्स्थापन योजना तयार गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १० | अस्थायी आश्रय स्थलमा मापदण्ड अनुसारको खानेपानी र सरसफाइको प्रवन्ध नियमित गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |

| | | | |
|---|---|---|---|
| ७ दिन देखि १ महिना | ११ | आवश्यकता अनुसार अस्थायी आश्रय स्थलमा खानेपानी र सरसफाईको प्रवन्ध नियमित गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १२ | खानेपानी तथा सरसफाई क्षेत्रको क्षेत्रगत आवश्यकताको लेखाजोखा गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | १३ | अस्थायी सिकाई केन्द्रहरूमा खानेपानी र सरसफाईको प्रवन्ध गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| | १४ | विपद् पछिको क्षेत्रगत आवश्यकताका आधारमा खानेपानी तथा सरसफाई क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |

## ३.३.५ शिक्षा विषय क्षेत्र

तालिका १९: शिक्षा विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | शिक्षा क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २ | अवस्था अनुसार आपतकालीन प्रतिकार्यको लागि विद्यालय बन्द गर्नु पर्ने भएमा बन्द गर्न स्थानिय विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ३ | विद्यालयको क्षति तथा शिक्षक विद्यार्थीको अवस्थाको आँकलन गरी खोज उद्धारमा सहयोग गर्ने | नेपाल रेडक्रस सोसाइटी |
| | ४ | आवश्यकता अनुसार प्रभावितहरूलाई मनोसाजिक परामर्श सेवा उपलब्ध गराउने | नेपाल रेडक्रस सोसाइटी |
| २४ घण्टा देखि ७ दिन | ५ | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक विवरण संकलन गरी आवश्यकता आँकलन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ६ | विपद्का कारण हराएका वा छुट्टिएका बालबालिकाहरुलाई अभिभावकसँग पुनर्मिलन गराउने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ७ | आवश्यकता अनुसार मनोसामाजिक परामर्श कार्यशाला सञ्चालन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ८ | नेपाल प्रहरी र स्थानीय सामाजिक संस्थाहरूवीच संयन्त्र तयार गरी बाहिरबाट आउने व्यक्तिहरूमाथि निगरानी राख्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ९ | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक विवरण संकलन गरी आवश्यकता आँकलन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १० | सिकाई निरन्तरताको कार्ययोजना क्रियाशील गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ११ | तत्काल विद्यालय सञ्चालन हुन नसक्ने अवस्थामा अस्थायी सिकाई केन्द्र स्थापना गरी सिकाई सुचारु गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १२ | अस्थायी सिकाई केन्द्र पनि सञ्चालन हुन नसक्ने अवस्थामा वैकल्पिक विधिबाट सिकाई सुचारू गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |

| | | | |
|---|---|---|---|
| | १३ | शिक्षकहरूका लागि आपत्कालीन शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यशाला सञ्चालन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| ७ दिन देखि १ महिना | १४ | बालबालिकाहरूलाई विद्यालय फर्कने वातावरण बनाउन अभिभावकहरूसँग समुदायमा छलफल गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १५ | विपद् प्रभावित विद्यार्थीहरूको लागि अवस्था र आवश्यकता अनुसार विद्यालय पोशाक, पाठ्यपुष्तक र स्टेसनरी सामग्रीहरू उपलब्ध गराउने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १६ | विद्यालय आउने जाने बाटोहरू भत्किएको बिग्रिएको भए मर्मत गराउने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १७ | बालबालिकाका लागि मनोरन्जनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १८ | गम्भीर प्रकृतिको अवस्था बाहेक सामान्यत विपद्को घटना भएको १० दिन सम्ममा सिकाई सुचारू गर्ने प्रबन्ध गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १९ | विपद् पछिको आवश्यकता लेखाजोखा गरी शिक्षा क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |

### ३.३.६ पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र

तालिका २०: पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | जीविकोपार्जन, पुनर्स्थापना तथा पुनर्निर्माण विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको वारे छलफल गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २ | विपदबाट क्षति भएका सडक संचार तथा विद्युत पूर्वाधार सूचारू गर्न पहल गर्ने | समग्र व्यवस्थापन, खोज तथा उद्धार विषय क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ३ | पुनर्स्थापनाका लागि आवश्यक पूर्वाधारहरूको आवश्यकता लेखाजोखा गर्ने | समग्र व्यवस्थापन, खोज तथा उद्धार विषय क्षेत्र |
| | ४ | अस्थायी आश्रयस्थलमा आधारभूत अस्थायी पूर्वाधार निर्माण गर्ने | राहत व्यवस्थापन क्षेत्र |
| | ५ | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) को आधारमा तत्कालको लागि प्राथमिकता तय गर्ने. | समग्र व्यवस्थापन, खोज तथा उद्धार विषय क्षेत्र |
| | ६ | आफ्नो घर फर्कन चाहने विस्थापितहरूलाई समुदायमा पुनर्स्थापित गर्ने प्रकृया तय गरि पुनर्स्थापित गर्ने | समग्र व्यवस्थापन, खोज तथा उद्धार विषय क्षेत्र |
| ७ दिन | ७ | क्षेत्रगत विस्तृत लेखाजोखाको आधारमा क्षेत्रगत पुनर्स्थापन योजना तयार गर्ने | समग्र व्यवस्थापन, खोज तथा उद्धार विषय क्षेत्र |

| | | | |
|---|---|---|---|
| देखि १ महिना | ८ | सामान्य क्षति भएका पूर्वाधार तथा संरचनाहरूको मर्मत सम्भार गरी सेवा सुचारू गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ९ | विपद् पछिको आवश्यकताको लेखाजोखाको आधारमा गाउँपालिकाको पुनर्निमाण योजना तयार गर्ने | समग्र व्यवस्थापन, खोज तथा उद्धार विषय क्षेत्र |
| | १० | पुनर्निमाण नसकिएसम्म पुनर्निमाणको कामलाई निरन्तरता दिने | गाउँपालिका विपद् व्यवस्थापन समिति |

## ३.३.७ सरक्षण तथा सामाजिक सूरक्षा विषय क्षेत्र

तालिका २१: संरक्षण तथा सामाजिक सूरक्षा विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | संरक्षण तथा सामाजिक सूरक्षा विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २ | आवश्यकता अनुसार प्रभावितहरूलाई मनोसाजिक परामर्श सेवा उपलब्ध गराउने | नेपाल रेडक्रस सोसाइटी |
| २४ घण्टा देखि ७ दिन | ३ | विपद्का कारण हराएका वा छुट्टिएका बालबालिकाहरुलाई अभिभावकसँग पुनर्मिलन गराउने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ४ | प्रभावित महिला बालबालिका अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकलाई संरक्षण दिने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ५ | आवश्यकता अनुसार मनोसामाजिक परामर्श कार्यशाला सञ्चालन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ६ | नेपाल प्रहरी र स्थानीय सामाजिक संस्थाहरूवीच संयन्त्र तयार गरी बाहिरबाट आउने व्यक्तिहरूमाथि निगरानी राख्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ७ | विपद् प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा सामाजिक र लैंगिक विभेद नभएको सुनिश्चित गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ८ | मानव बेचबिखन, ओसारपसार र अपहरण जोखिम न्यूनीकरणका लागि स्थानियपालिकाको सिमा नाकाहरूमा नागरिक सुरक्षा चेक पोष्ट स्थापना गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ९ | लैङ्गिक हिंसा रोक्नका लागि सुरक्षा संयन्त्र निर्माण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| ७ दिन देखि १ महिना | १० | विपद् प्रभावित समुदाय वा अस्थायी आश्रयस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसाका गतिविधिलाई निगरानी राख्ने र विशेष संरक्षणको व्यवस्था मिलाउने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ११ | विपद् पछिको आवश्यकता लेखाजोखा गरी संरक्षण तथा शिक्षा क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |

## ३.३.८ जिविकोपार्जन तथा कृषि विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | प्रभावितहरुकोलागि तत्काले सुख्खा खाना र पानीको व्यवस्थापन मिलाउने | विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन विषयगत क्षेत्र |
| | २ | प्रभावितहरुको क्षतिको आकलन गर्ने | विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन विषयगत क्षेत्र |
| | ३ | जिविकोपार्जन तथा कृषि विषयगत विषय क्षेत्रको तत्काले बैठक बस्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| २४ घण्टा देखि ७ दिन | ४ | स्थानीय स्रोत साधनको समिक्षा गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ५ | मापदण्ड अनुसार खाद्यान्न वितरण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ६ | MIRA सर्वेक्षण गरि तथ्याङ संकलन गर्ने | विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन विषयगत क्षेत्र |
| ७ दिन देखि १ महिना | ७ | आवश्यक पर्ने खाद्यान्न र सामग्री भण्डारण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ८ | खाद्यान्न वितरण कार्यलाई निरन्तरता दिने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ९ | जिपिकोपार्जनका गतिविधि संचालन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |

# खण्ड चार : कार्यान्वयन अनुगमन तथा सिकाई योजना

## ४.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन रणनीति

१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४; नियमावली २०७६ तथा स्वास्थ्य सेवा ऐन, २०७५; मा प्रवन्ध भए बमोजिमका आवश्यक संस्थागत संरचना तयार गरिनेछ ।

२. गाउँपालिकाको चालु आर्थिक वर्षको विपद् व्यवस्थापन शिर्षकको बजेटबाट प्राथमिकताका आधारमा कार्यान्वयनको शुरूवात गरिनेछ । क्रमश: आगामी वर्षको वार्षिक कार्यक्रममा यस योजनाको कार्यान्वयनको लागि आवश्यक श्रोत व्यवस्थापन गरिनेछ ।

३. विकास साझेदार संस्थाहरू (द्धिपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरू र रेडक्रस अभियान) बाट प्राप्त हुने सहायतालाई यस योजनाको कार्यान्वयनको लागि परिचालन गरिनेछ ।

४. निजी तथा व्यावसायिक क्षेत्रको व्यवसायिक सामाजिक उत्तरदायित्व र अन्य पहल मार्फत निजी क्षेत्रको सहभागिता र सहायता विपद् पूर्वतयारीको लागि परिचालन गरिनेछ ।

५. गाउँपालिकामा रहेका सामाजिक तथा सामुदायिक संस्थासँग भएको भौतिक, सामाजिक, आर्थिक तथा मानवीय श्रोतलाई यस योजनाको कार्यन्वयनको लागि एकिकृत रूपमा परिचालन गरिनेछ ।

६. यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका विपद् जोखिम न्यूनिकरण र पूर्वतयारीका गतिविधिहरूलाई गाउँपालिकाले सञ्चालन गर्ने स्थानिय योजना, विषयगत योजना तथा कार्यक्रमहरूसँग समायोजन तथा एकिकरण गरी कार्यान्वयन गरिनेछ ।

७. यस योजनाको कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्याङ्कनको लागि स्थानियपालिकाका उप प्रमुखको संयोजकत्वमा एक अनुगमन समिति रहनेछ । उक्त अनुगमन समितिले अनुगमन गरी स्थानिय विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्नेछ ।

८. गाउँपालिकाको वेवसाइटमा विपद् जोखिम व्यवस्थापन पोर्टल तयार गरी विपदबाट भएको क्षति तथा विपद् व्यवस्थापन सम्बन्धी भएका गतिविधिहरू नियमित अद्यावधिक गरिनेछ

९.पालिका विपद् व्यवस्थापन समितिले वर्षभरिको विपद्को अवस्था र गतिविधिलाई समेटेर स्थानिय विपद् प्रतिवेदन सामान्य अवस्थामा वार्षिक रूपमा प्रकाशन गर्नेछ भने कुनै ठूलो विपद्को अवस्था आएमा आवश्यकता अनुसार प्रतिवेदनहरू प्रकाशित गरिनेछ ।

१०. यस योजनाको कार्यन्वयनबाट प्राप्त सिकाई तथा तत्कालीन आवश्यकताका आधारमा यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई वार्षिक रूपमा अद्यावधिक गर्दै लगिनेछ ।

## ४.२ स्रोत साधनको व्यवस्थापन

विपद् प्रतिकार्यका लागि गाउँपालिकामा उपलब्ध श्रोत साधनको विवरण अनुसूची  मा राखिएको छ यसको अतिरिक्त निम्न अनुसार स्रोत साधन उपकरणको आवश्यकता आँकलन गरिएको छ ।

तालिका २१: स्रोत साधन तथा उपकरण आवश्यकता लेखाजोखा

| विषयक्षेत्र | आवश्यक स्रोत, साधन/उपकरण | थप सङ्ख्या वा परिमाण | अनुमानित रकम (रु हजारमा) |
|---|---|---|---|
| समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र | दमकल | १ | १००००००० |
| | एम्बुलेन्स | १ | ३५००००० |
| | सब- बाहान | १ | ३६०००० |
| | स्टेचर | १० | २००००० |
| | मेगा हेण्ड माइक | १० | ५०००० |
| | सिटी | १० | ५००० |
| | रबर बोट | ३ | १५०००० |
| | टर्च लाइट | ३० | ३०००० |
| | झटपट झोला | १०० | ३०००००० |
| स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र | प्राथामिक उपचार किट | १५ | ४५००० |
| | इमेरजेन्सी किट | १० | ५०००० |
| | ह्याण्डवास तथा साबुन | २० दर्जन | ३०००० |
| | पिपिई सेट/गाउन | १०० पिस | ३५०००० |
| | सर्जिकल ग्लोब | ५० बक्स | ५०००० |
| | स्यानीटाईजर | १० बक्स | ६०००० |
| | क्लोरिन झोल | २० लिटर | ४०००० |
| | मेडिसिन | ५० बक्स | ५००००० |
| | आर.एल. वोटल | १०० | ६२५०० |
| आपत्कालीन आश्रयस्थल, तथा गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषयगत क्षेत्र | त्रिपाल | ५० | १००००० |
| | अस्थाइ चर्पि | २७ | ५०००० |
| | खाद्यन्न सामाग्रि (नुन, दाल, चामल, तेल आदी) | १८ क्वियन्टल | १०००० |
| | तयारी खाजा | १००० प्याकेट | ५००००० |
| खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्र | पियुष | १०० | ५००० |
| | एक्वाट्याब | १०० | १०००० |
| | पि.ए.भाइल | १० | ५००० |
| | पानी जाँच्ने किट | १० | ५००० |
| | पाईप तथा फिटिङ्स | १० क्वाल | ५००००० |
| | सरसफाइ किट/सेट | १० | ५०००० |
| आपत्कालीन शिक्षा विषयगत क्षेत्र | ईन्धनबाट चल्ने आरा/ह्याक्सा (Hacksaw) | १० | ३००००० |
| | खन्ती (सव्वल) | १० | ५०००० |
| | गैंति र वेल्चा सेट | १० | ५०००० |
| | एयर लिफ्ट ब्याग | १० | १००००० |
| | त्रिपाल/टेन्ट | १० | ५०००० |
| | भाँडाकुँडा सेट | १० | १००००० |
| | जस्तापाता | १०० पिस | १००००० |

| | | | |
|---|---|---|---|
| सरक्षण तथा सामाजिक सूरक्षा विषयगत क्षेत्र | डिग्निटी किट<br>हाइजिन किट | १००<br>१०० | १०००००<br>१००००० |

## ४.३ क्षमता विकास रणनीति र योजना

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि दक्ष स्रोत व्यक्ति तथा संस्थाहरूको सहयोगमा गाँउरपालिका तथा विषयगत क्षेत्रको क्षमता विकासका लागि देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गरिनेछन ।

क्षमता विकास योजना

| क्र.सं. | क्षमता विकास क्रियाकलापहरु | जिम्मेवारी | समयतालिका |
|---|---|---|---|
| १ | प्राथमिक उपचार तालिम | स्वास्थ्य शाखा | |
| २ | खोज उद्दार तालिम | इ. प्र. का | |
| ३ | विपद् ब्यबस्थापन समितिलाइ तालिम | गाउँपालिका | |
| ४ | स्यमसेबकहरुलाइ विपद् ब्यबस्थापन सम्बन्धि तालिम | गाउँपालिका, | |
| ५ | स्वास्थ्य सरसफाइ सम्बन्धि तालिम | स्वास्थ्य शाखा | |
| ६ | बिपद् पुर्ब तयारी सम्बन्धि तालिम | गाउँपालिका | |

## ४.४ अन्य निकायसँगको समन्वय र सहकार्य

१. गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको लागि प्रमुख रूपमा गाउँपालिका भित्र र बाह्य गरी दुई प्रकारको समन्वय गर्नु पर्दछ । पालिकाभित्र पनि गाउँपालिका मातहतका निकाय वा समितिबीच र अन्य सरकारी, गैरसरकारी, सामाजिक तथा निजी संस्थाहरूबीच समन्वय र सहकार्य गर्नुपर्ने हुन्छ । बाह्य समन्वयमा जिल्ला, प्रदेश र संघीय तहका सरकारी निकायहरूसँग र अन्य गैर सरकारी तथा सहयोगी निकाय तथा संस्थाहरूसँगको समन्वय पर्दछ ।

२. विषयगत क्षेत्रको अवधारणामा गाउँपालिका भित्रका सम्पूर्ण विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित संस्था तथा निकायहरू सम्बन्धित विषयगत क्षेत्रको सदस्य रहनेछन् र उक्त संस्था तथा निकायहरूसँगको समन्वय र सहकार्यको जिम्मेवारी सम्बन्धित विषयगत क्षेत्रको नेतृत्व गर्ने विषयगत समिति र यसका संयोजकको हुनेछ ।

३. जिल्ला, प्रदेश तथा संघीय तहका निकायहरूसँगको समन्वय, सुरक्षा निकायहरूसँगको समन्वय तथा गाउँपालिका बाहिरका सरकारी तथा गैर सरकारी निकायहरू र दातृ निकायहरूसँगको समन्वयको जिम्मेवारी पालिका अध्यक्षको हुनेछ ।

४. विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि सम्पूर्ण सरकारी, गैरसरकारी, सामाजिक तथा निजी क्षेत्रको स्रोत परिचालन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाअनुरूप गाउँपालिकाको प्राथमिकता अनुसार एकद्वार नीति बमोजिम हुनेछ ।

## ४.५ अनुगमन, मूल्याङ्कन तथा सिकाई

### ४.५.१ अनुगमन तथा मूल्याङ्कन समिति

